# अध्याय एक

# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषा विचार विनिमयको प्रभावशाली माध्यम हो । भाषाको माध्यमबाट मानिसहरूले एकआपसमा आफ्ना भावना वा विचार आदान प्रदान गर्दछन । मानिस सामाजिक प्राणी भएको नाताले पनि भाषा सामाजिक सर्म्पक गर्न दैनिक जीवन निर्वाह गर्न तथा विभिन्न ज्ञान आर्जन कुराहरू गर्न प्रयोग हुँदै आएको हुन्छ । एकातिर मान्छेले घर परिवार तथा छिमेकसँगको सर्म्पकबाट त्यस समाजमा प्रचलित भाषा स्वतः प्राप्त गर्दै जान्छ, अर्कोतिर औपचारिक शिक्षाबाट यसको आर्जन गर्न सक्छ (अधिकारी, २०७१ : १) । सामाजिक सम्पर्कको विस्तारको फलस्वरूप मानिसमा भाषाको विकास हुँदै जान्छ । यसरी भाषा सामाजिक व्यवहारको अभिन्न अङ्ग भएर रहन्छ ।

भाषा शिक्षण केवल भाषाको बारेमा शिक्षण गर्नु मात्र नभई भाषिक सीपको शिक्षण गर्नु पनि हो । सुनाइ, बोलाइ, पढाइ र लेखाइ गरी भाषाका चार सीप रहेका छन् । भाषा शिक्षणको तात्पर्य भाषिक सीपमा दक्ष बनाउनु हो । भाषा शिक्षणले भाषिक ज्ञान सीप अभिवृद्धि गर्न मद्दत पुऱ्याउँदछ । भाषाका चार सीपअन्तर्गत लेखाइ सीप मध्ये श्रुतिलेखन पनि एक महत्त्वपूर्ण पक्षका रूपमा रहेको छ । लेखाइ सीप विकासको अभिन्न अङ्गका रूपमा रहेको श्रुति सुनाइ सीपसँग र लेखन लेखाइ सीपसँग सम्बन्धित हुन्छ । सुनाइ सीपको विकास सँगसँगै लेखाइ सीपको पनि विकास हुने गर्दछ 'श्रवण कला' शिक्षणको महत्त्वपूर्ण आधार श्रुतिबोध हो । भाषाको विकास श्रुतिबाटै प्रारम्भ हुन्छ । त्यसैले श्रुतिबोध क्षमता विकासलाई भाषा शिक्षणको आधार विन्दु मानिन्छ (पौडेल, २०७० : ३१) । मौखिक अभिव्यक्ति माध्यमद्वारा मानिसले विचार अभिव्यक्त गर्ने क्रममा सुनाइ सीपसँग सम्बन्धित पक्षलाई ख्याल गरी श्रुतिलेखन क्षमताको अध्ययन गरिन्छ । प्राथमिक तहमा पढने विद्यार्थीहरूमा अन्य तहमा पढने विद्यार्थीहरूको तुलनामा धेरै मात्रामा सुनेर बुझ्ने र लेख्ने क्षमताको विकास भइसकेको हुँदैन । यस तहमा श्रुतिलेखन

क्षमता सामान्य रूपले हुने गर्दछ । भाषा शिक्षण बाहेक अन्य विषय शिक्षणको अभिन्न गतिविधिका रूपमा श्रुतिलेखनको भूमिका हुन्छ । त्यसैले श्रुतिलेखन समग्र विद्यालय गतिविधिको महत्त्वपूर्ण अङ्ग बनेको छ (पौडेल, २०७० : ४१) । अरुले भनेका कुराहरू सुनेर बुझेका आधारमा लेख्नु नै श्रुतिलेखन हो । लेखाइ सीप विकासको अभिन्न अङ्ग मानिने यो कार्यकलाप श्रवण कौशलका लागि अपरिर्हाय तत्त्व मानिन्छ । सुनेको भरमा विद्यार्थीले लेखेका कुरालाइ जाँची उनीहरूका श्रवण क्षमता र कमजोरीहरू पत्ता लगाई रचनात्मक हौसला बढाउन सकिन्छ । यसका साथै उच्चारण र वर्णविन्यासको तालमेल, शब्दगठन वर्ण विन्यास, विराम चिह्नको प्रयोग द्रुतलेखन तथा सौन्दर्यपूर्ण प्रविधि आदि पक्षमा सुधारका लागि पनि श्रुतिलेखनको विशेष महत्त्व हुन्छ । विद्यार्थीले पाठ सुनेको आधारमा शब्द, शब्दावली, वाक्य सिङ्गै अनुच्छेद लेखन गराउन सकिन्छ । यस कार्यकलाप सञ्चालन गर्ने क्रममा शिक्षकले ढिलो ढिलो गरेर पढेर सुनाउने र सुनेका आधारमा शुद्ध स्पष्ट, एवम् लेख्य चिह्नको प्रयोग गरी लेख्ने क्षमताको विकास गराउन सकिन्छ । यस्तो कार्यकलाप गराउदा वक्ताले बोलेको श्रोताले बुझ्न सक्ने शान्त वातावरण हुनुपर्दछ ।

अतः यस तहका विद्यार्थीहरूलाई शिक्षकले भनेका कुरा सुन्न र सुनेका आधारमा बुझेर लेख्न लगाउने अर्थात् लेखेका कुराहरूलाई शिक्षकले क्रमैसँग जाँची अशुद्ध कुरालाई कालोपाटिमा वा कपिमा नै लेखेर क्रमश सच्चाउन लगाउने अर्थात् लेखेका कुराहरूलाई पुस्तकमा देखाइ शुद्धसँग लेख्ने बानीको विकास गराउन सकिन्छ । श्रुतिलेखन गराउँदा तह हेरी ध्वनि विभेदीकरण, वर्ण विभेदीकरण र वाक्य विभेदीकरण श्रुतिलेख, रचना गर्दै बुँदा टिपोट श्रुतिबोधात्मक प्रश्नोत्तर तथा विवादास्पद कुराको श्रवण जस्ता उत्तरोत्तर क्रममा सञ्चालन गर्नु उपयुक्त हुन्छ । विशेष गरी श्रुतिलेखन तल्ला कक्षाहरूमा गराउने गरिन्छ । तल्ला कक्षाहरूमा श्रुति लेखन गराउदा श्रवण, उच्चारण र वर्णविन्यास शुद्धिका लागि सहयोग पुग्छ । विद्यार्थीहरूमा लेखाइसम्बन्धी सम्पूर्ण धारणात्मक, प्रयोगात्मक संज्ञानात्मक सीपको विकास गराउन श्रुति लेखनको स्थान महत्त्वपूर्ण हुन्छ । लिपिबद्ध भाषिक अभिव्यक्तिबाट श्रुतिलेखन क्षमता र कुशलताको भाव सङ्केत भएको हुन्छ । यी

भाषिक सीपहरूको शृङ्खलाबद्ध शिक्षण गर्ने कार्यमा गुल्मी जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन शीर्षकको चयन गरिएको छ ।

## १.२ समस्याकथन

अध्ययन तथा अनुसन्धान कार्य आफैँमा एउटा जटिल र समस्यामूलक कार्य हो । अनुसन्धान कार्यको सिलसिलामा 'समस्या' शब्दको अर्थ अनुसन्धानको विषयवस्तु हो (बन्धु, २०७० : १७) । अध्ययन कार्य निश्चित समस्यामा केन्द्रित रहेको हुन्छ । समस्या नै अनुसन्धानको मुटु भएकाले सम्पूर्ण अध्ययनकार्य समस्यामै केन्द्रित भई त्यसको समाधान गर्न लक्षित बनेको छ । शोधकार्यको समस्यालाई सूक्ष्म रूपले नबुझेसम्म शोध प्रक्रिया अगाडि बढ्न सक्दैन । गहिरो र मसिनो अध्ययनले समस्याको वास्तविकता पहिचान गरी निष्कर्षमा पुग्न सकिन्छ ।

भाषा शिक्षण गर्नु भनेको भाषाका बारेमा शिक्षण गर्नु नभई भाषिक सीपहरूको शिक्षण गर्नु हो । सुनाइ, बोलाइ, पढाइ र लेखाइ चारवटा भाषिक सीपहरूमध्ये सुनाइ र पढाइ आदानात्मक तथा बोलाइ र लेखाइ प्रदानात्मक सीप हुन् । भाषा शिक्षणका यी चारैवटा सीपहरू एकीकृत रूपमा आएका हुन्छन् । लेखाइ सीपले भाषालाई प्रौढता, स्तरीयता र चिरस्थायी बनाउने काम गर्दछ । लेखनकलाको विकासमा मदत पुऱ्याउने क्रियाकलाप श्रुतिलेखन भएकाले श्रुतिलेखन कला लेखन विकासको महत्त्वपूर्ण आधारशिला हो । त्यसैले 'कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको श्रुति लेखन क्षमताको अध्ययन' नामक अनुसन्धान शीर्षक राखिएको छ । उक्त अनुसन्धान निम्न समस्यामा केन्द्रित रहेको छ :

(क) गुल्मी जिल्लामा कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमता कस्तो छ ?

(ख) लैङ्गिक भिन्नताको आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थिति कस्तो छ ?

(ग) भाषिक पृष्ठभूमिका आधारमा श्रुतिलेखन क्षमता के कस्तो रहेको छ ?

## १.३ अध्ययनको उद्देश्य

उद्देश्यले अध्ययनलाई निश्चित मार्गमा डोऱ्याउँछ । समस्याका रूपमा भनिएको प्रश्नको समाधान नै अनुसन्धानको उद्देश्य हो (बन्धु २०७० : १७) । अनुसन्धान आफैँमा कठिन र जटिल भएकाले प्रस्तुत अनुसन्धानलाई व्यापक रूप दिनलाई निश्चित लक्ष्य र शोधकार्यको निमित्त उठाइएका मूलभूत प्रश्नहरूको जवाफ नै उद्देश्य भएकाले अनुसन्धान कार्यमा अत्यन्तै महत्त्वपूर्ण भूमिका रहन्छ । उद्देश्यले अध्ययनरत समस्यालाई इङ्गित गर्दै निश्चित बाटोमार्फत् समाधान गर्ने प्रयास गर्दछ भने उक्त अध्ययनमा के कस्ता पक्षलाई समेट्न खोजिएको छ भन्ने तथ्यलाई पनि अप्रत्यक्ष रूपमा सङ्केत गर्दछ । प्रस्तुत शोधकार्यका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

(क) गुल्मी जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको पहिचान गर्नु ।

(ख) लैङ्गिक पुष्ठभूमिका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु ।

(ग) भाषिक पृष्ठभूमिका दृष्टिले विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु ।

## १.४ अध्ययनको औचित्य

भाषा सर्वश्रेष्ठ प्राणी मानव मात्रको एक निजी पेवा हो । यो विचार विनिमयको प्रभावकारी माध्यम हो । मौखिक र लिखित दुवै ढङ्गबाट विचारको आदान प्रदान हुन्छ । विद्यार्थीहरूको भाषिक सीपको विकास श्रुतिबाटै हुन्छ । भाषिक सीपअन्तर्गत सुनाइ, बोलाइ, पढाइ, लेखाइ सीप पर्दछन् । भाषिक सीप विद्यार्थीको उमेर, तह, स्तरअनुसार विकास हुनु जरुरी छ । त्यसैले लेखाइ सीप भाषिक सीपमध्ये अन्तिम र महत्त्वपूर्ण लेखनकला विकास गराउने कार्यकलाप हो । लेख्नलाई शुद्ध र स्तरीय बनाउनु यसको उद्देश्य हो । श्रुतिलेखन कार्यले सुन्ने र सुनेका आधारमा सम्प्रेषण गर्न सक्ने क्षमताको विकास गराउँदछ । यस प्रकारको अभ्यास गर्दा विद्यार्थीको ध्यान केन्द्रित गरी अभिव्यक्ति

गर्न सक्ने क्षमताको विकास हुनुका साथै सुनेका कुरा लिपिबद्ध रूपमा अभिव्यक्ति गर्न सक्ने क्षमताको विकास गराउनु यसको मुख्य अभिप्राय हो । शुद्ध प्रासङ्गिक साथसाथै श्रवण कला विकासको प्रभावकारी माध्यमका रूपमा श्रुतिलेखनलाई लिने गरिन्छ । माथिल्लो कक्षाको तुलनामा तल्लो कक्षामा श्रुतिलेखनलाई सङ्गठित र प्रभावकारी ढङ्गले व्यक्त गर्न नसकिने भए तापनि यस्तो कार्यलाई व्यवस्थित गराउने प्रयत्न गरिन्छ ।

बालबालिकाको दिमागी ज्ञानलाई सन्तुलन गरी सही सम्प्रेषण गर्न सक्षम बनाउन सहयोग पुग्ने छ । विद्यार्थीहरूको भाषिक सीप विकास गर्नमा श्रुतिलेखनले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । लेखाइ सम्बन्धी ढङ्ग ढाँचा पहिचान गर्न निश्चित समय सीमाभित्र निर्धारित शीर्षकमा लेखिएको अनुच्छेद रचनालाई साङ्ख्यिकीय तथ्याङ्कका आधारमा अध्ययन विश्लेषण गर्दा विभिन्न समूहका विद्यार्थीहरूको लेखाइ क्षमता पहिचान गरी सोही आधारमा भाषिक सीप सम्बद्ध पाठ्यपुस्तक निमार्णका क्रममा छनोट र स्तरण गर्न थप सहयोग पुग्दछ । बालबालिकाले सुनेका आधारमा के कति लेख्न सक्दछन् भन्ने कुरा श्रुतिलेखनबाट पत्ता लगाउन सजिलो हुने हुँदा प्राथमिक तहमा यसको शिक्षण गर्नु आवश्यक रहेको छ । भाषिक सीप विकासका क्रममा सुनाइ र लेखाइ एकैसाथ विकास हुन्छ । उक्त अभ्यासमा विद्यार्थीले सही सुनेकी सुनेनन्, के कति शुद्ध, अशुद्ध लेखे वाक्यगठन गर्न सकेकि सकेनन् जस्ता कुराहरूको मापन गर्न श्रुतिलेखन उपयोगी हुन्छ । लेखनकलालाई शुद्ध स्तरीय र सहज बनाउनु यस कार्यको उद्देश्य हो ।

प्रस्तुत शोधपत्र गुल्मी जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन शीर्षकमा त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह चौंथो सत्रको पाठ्याशं (नेपा.शि. ५४४) को उद्देश्य पूरा गर्ने सन्दर्भमा तयार पारिएको हो । प्रस्तुत शोधपत्रबाट विद्यार्थीको श्रुतिलेखन क्षमताको पहिचान गरी आवश्यक सुझाव व्यक्त गर्न उपयोगी हुने देखिन्छ । यसका साथै शिक्षकलाई प्रभावकारी रूपमा शिक्षण गर्न, श्रुतिलेखन शिक्षणका क्रममा आइपरेका समस्याहरू निराकरण गर्न प्रस्तुत शोधपत्रको महत्त्व रहने छ ।

## १.५ अध्ययनको सीमाङ्कन

कुनै पनि कार्यक्रम योजनाबद्ध रूपमा सञ्चालनका लागि उक्त कार्यको सीमा निर्धारण गर्नुपर्ने हुन्छ । सीमाङ्कनले अध्ययनलई केन्द्रिकृत सङ्गठित र निर्देशित गर्दछ । शोधपत्रको प्रयोजन समय, सीमितता, आर्थिक एवम् अन्य कारणले कठिनाइ हुने हुँदा अध्ययनको व्यापकता र गहिराईलाई निश्चित क्षेत्रमा सीमित गर्नुपर्ने हुन्छ । यसो नगरिएमा अनुसन्धान अध्ययनको लागि विचलित हुन सक्छ । अतः प्रस्तुत शोधकार्यलाई निम्नानुसार सीमामा सीमाङ्कन गरिएको छ ।

(क) प्रस्तुत अध्ययन गुल्मी जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमतामा मात्र सीमित रहेको छ ।

(ख) प्रस्तुत अध्ययन गुल्मी जिल्लाका विभिन्न स्थानका सामुदायिक विद्यालयका ५ वटा विद्यालयमा कक्षा चारका जम्मा १०० जना विद्यार्थीमा मात्र सीमित रहेको छ ।

(ग) अध्ययनका क्रममा सामुदायिक विद्यालयका ५० छात्र र ५० छात्रालाई सहभागी गराइएको छ ।

(घ) लैङ्गिक भिन्नता आधारमा सामुदायिक विद्यालयका छात्र र छात्राको तुलनात्मक स्थितिको अध्ययन गरिएको छ ।

(ङ) भाषिक पृष्ठभूमिका आधारमा सामुदायिक विद्यालयका छात्र र छात्राको स्थितिको विश्लेषण गरिएको छ ।

(च) प्रस्तुत अध्ययन विद्यार्थीहरूमा गरिएको परीक्षणबाट प्राप्त तथ्याङ्कका आधारमा व्याख्या विश्लेषणमा मात्र सीमित रहेको छ ।

## १.६ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्नानुसारको ढाँचामा प्रस्तुत गरिएको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक परिचय

अध्याय तिन : अध्ययन विधि र प्रक्रिया

अध्याय चार : समग्र विद्यार्थीको श्रुतिलेखन क्षमताको अध्ययन

अध्याय पाँच : लैङ्गिक भिन्नताका आधारमा विद्यार्थीको श्रुतिलेखन क्षमताको स्थिति

अध्याय छ : भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको विश्लेषण

अध्याय सात : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भसामग्री

परिशिष्ट

व्यक्तिगत विवरण

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक परिचय

## २.१ पूर्वकार्यको समीक्षा

अनुसन्धान गर्नुभन्दा पहिले सम्बन्धित विषयमा गरिएका कार्यहरू पुस्तक, पत्रपत्रिका, लेख, शोधपत्र, प्रबन्ध, प्रतिवेदन आदिको व्यवस्थित रूपमा अध्ययन गरी ती सबै कार्यको  क्रमबद्ध समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो (बन्ध, २०७० :२८) । शोधकार्यको आरम्भ गर्दा वा त्यसको निम्ति शोधप्रस्ताव तयार गर्दा आफूले शोध गर्न चाहेको विषयमा त्यसपूर्व के कति अनुसन्धान भएका छन् भन्ने कुराको जानकारी प्राप्त गर्नु पर्ने हुन्छ । जसलाई पूर्वकार्यको समीक्षा भनिन्छ ।

विद्यार्थीको लेखाइ सीपको अध्ययन विश्लेषणका सन्दर्भमा विभिन्न लिखित अभिव्यक्ति सीपसँग सम्बन्धित शोध अध्ययनहरू भएका देखिन्छन् । प्रस्तुत अध्ययनसँग सम्बन्धित विभिन्न पाठ्पुस्तकहरू प्रकाशन भएका तथा लेखनकला विकासका प्रारम्भिक कार्यहरू अन्तर्गतका चिठी लेखन वस्तु तथा चित्रवर्णन साथै लेखनकला विकासका लागि उत्तरवर्ती कार्यकलापहरूको पूर्ण अध्ययन अनुसन्धान भएको पाइन्छ । श्रुतिलेखन सम्बन्धी पाठ्पुस्तक विभिन्न विद्वान्हरूले लेखेको पाइएको छ । यी विभिन्न विद्वान्द्वारा तयार पारिएको पाठ्यसामग्री र सीमित अनुसन्धानको सङ्क्षिप्त चर्चा यहाँ गरिएको छ ।

### २.१.१ पुस्तक समीक्षा

अधिकारी (२०६५) द्वारा *नेपाली भाषा शिक्षण* नामक पुस्तकमा भाषा शिक्षणको विभिन्न पक्षहरूको चर्चा गरिएको छ । उक्त पुस्तकको लेखन तथा लिखित अभिव्यक्ति महत्त्व र आवश्यकता, लिखित र मौखिक अभिव्यक्ति लेखन र पठनका प्रयोजनजस्ता उपशीर्षकहरू समावेश गरिएको छ । लेखाइ शिक्षणका कार्यकलापहरूमा वस्तु र चित्र वर्णन, अनुलेखन, श्रुतिलेखन, प्रश्नोत्तर लेखन, चिठीलेखन, दैनिकीलेखन, निबन्धलेखन, आदिको चर्चा पाइन्छ । जोसँग बोलेर विचार विनिमय गर्न कठिन हुन्छ त्योसँग लेखेर

विचार विनिमय गर्न सक्ने क्षमता हुन्छ । लेखाइलाई वैयक्तिक साथै सामाजिक आवश्यकताको रूपमा पृष्टि गरिएको यस पुस्तकमा उल्लेख गरिएको छ ।

ढकाल, (२०६७) द्वारा *नेपाली भाषा र साहित्य शिक्षण* नामक पुस्तकमा अध्याय आठमा श्रुतिबोध शिक्षण सम्बन्धी चर्चा गरिएको छ । सुनाइ सीपको परिचय, सुनाइ शिक्षणका कार्यकलाप, सुनाइ शिक्षणको महत्त्व आवश्यकताको बारेमा चर्चा गरिएको छ । जसमध्ये श्रुतिलेखन पनि रहेको छ । कुनै पनि कुरा अरुले भनेका आधारमा सुनेर बुझ्ने क्षमतालाई नै सुनाइ भनिन्छ । श्रुतिलेखन गराउदा हाउभाउ, मुखमुद्रा, अङ्ग सञ्चालनका विचमा सामाजस्य कायम हुनुपर्ने, ध्वनि वर्ण र रूपगठनसँग परिचित हुन प्रयत्नशील हुनुपर्ने, भाषिक व्यवहारलाई क्रमश : स्तरीय, सरल शिष्ट र मानक स्वरूप दिँदै जानका लागि श्रुतिबोध सहज व्यवहारिक र सर्वसुलभ उपाय हुनुपर्ने, सुनेर लेख्ने सीपमा विकास गराउने प्रयोजननार्थ श्रुतिलेखन कार्यकलाप गराउने गरिन्छ । श्रुतिबोध भाषाको आधारभूत सीप भएकाले मानिसले आफ्नो परिवार समाज र समग्र वातावरणबाट जस्तो भाषा सिक्छ त्यस्तै भाषाको लिखित रूप प्रयोग गर्दछ भन्ने बारेमा चर्चा गरिएको छ । उक्त पुस्तकले शोधपत्रको सैद्धान्तिक रूपरेखा तयार गर्नमा महत्त्वपूर्ण भूमिका खेलेको छ ।

शर्मा र पौडेल (२०६८ द्वारा *नेपाली भाषा शिक्षण सन्दर्भहरू* पुस्तकमा १८ वटा अध्याय रहेका छन् । अध्याय ८ मा सुनाइ शिक्षणको चर्चा गरिएको छ । सुनाइ शिक्षणका प्रक्रिया तथा कार्यकलापमा पनि श्रुतिलेखन पनि उल्लेख गरिएको छ । श्रुतिलेखन शीर्षकमा श्रुतिलेखनको परिचय, लेखाइ सीप विकास गर्ने कार्यकलाप र श्रुतिलेखनको महत्त्वका बारेमा चर्चा गरिएको छ । सुनेर बुझेका आधारमा लेख्नु नै श्रुतिलेखन हो । लेखाइ सीप विकास गराउनका लागि श्रुतिलेखन अनिवार्य मानिन्छ । भाषा शिक्षण बाहेक अन्य विषय शिक्षणका लागि पनि श्रुतिलेखन अनिवार्य मानिन्छ । वर्ण विन्यासगत दक्षता, विराम चिह्नगत दक्षता, शब्द गठन दक्षता, द्रुतलेखन दक्षता आदिमा दक्षता हासिल गराउन उक्त पुस्तक शोधको सैद्धान्तिक रूपरेखा तयार गर्नमा उपयोगी भएको छ ।

पौडेल (२०७०) द्वारा तयार पारिएको *नेपाली भाषा शिक्षण* नामक पुस्तकमा छ अध्याय रहेका छन् । अध्याय दुईमा श्रुतिबोध सम्बन्धी कुराहरूको चर्चा गरिएको छ । सिकारुहरूमा सुन्ने र बुझ्ने क्षमताको विकास गर्न, मौखिक कार्यकलापमा निपूर्ण बनाउन, शब्द ध्वनिको अभिप्राय सुनेर त्यसको व्याख्या विश्लेषण गर्न, विद्यार्थीले सुनेका आधारमा संक्षेपीकरण, विस्तृतीकरण र बुँदा टिपोट गर्न सक्ने तुल्याउन, कुराकानी, छलफल, प्रश्नोत्तर वर्ण विभेदीकरण, वाक्य विभेदीकरण, वादविवाद लेखन, श्रुतिलेखन संवाद आदिको अभ्यास गराउन सकिन्छ । श्रुतिबोध र श्रुतिलेखन क्षमताको लागि विद्यार्थीलाई शान्त वातावरणमा पहिले पढिदिएर सुनेका आधारमा बुझी लेखन लगाउने कार्यका लागि श्रुतिलेखनको अभ्यास गराइने कुराको चर्चा गरिएको छ । जसले गर्दा विद्यार्थीमा सुनेर लेख्ने सीपका साथै बोध गर्न सक्ने प्रयोजनका लागि यस्तो अभ्यास राखिएको छ ।

अधिकारी (२०७३) द्वारा *माध्यमिक शिक्षक स्रोत सामग्री* नामक पुस्तकमा सुनाइ शिक्षण सम्बन्धी चर्चा गरिएको छ । जसमा अरुले भनेका कुरा स्पष्टसँग सुनेर बुझ्न, त्यसको अर्थबोध गर्न, शान्त वातावरणमा एकाग्रतापूर्वक सुनेर बोध क्षमताको विकास गर्न, सुनेका आधारमा आफ्ना विचार, धारणा, भाव व्यक्त गर्ने क्षमता विकासका लागि सुनाइ शिक्षण गरिन्छ । जसमा सुनाइ शिक्षणका कार्यकलाप, सुनाइ र बोलाइको सम्बन्धका बारेमा उल्लेख गरिएको छ । सुनाइ शिक्षणका कार्यकलापहरूमा ध्वनि पहिचान, श्रुति विभेदीकरण, सुन र गर अनुप्रास मिलाउने, कविता सुनाउने, कथा सुनाउने, श्रुतिबोध, श्रुतिरचना र श्रुतिलेखन जस्ता कार्यकलापहरूका चर्चा पाइन्छ । उक्त पुस्तक शोधको सैद्धान्तिक रूपरेखा तयार गर्नमा उपयोगी भएको छ ।

### २.१.२ शोधकार्यको समीक्षा

घिमिरे (२०६५) द्वारा 'गुल्मी जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीको निबन्धलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य भएको पाइन्छ । यस अध्ययनका उद्देश्यहरू गुल्मी जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीको निबन्धलेखन क्षमताको पहिचान गर्नु विद्यालयको प्रकृतिका आधारमा र लैङ्गिक आधारमा विद्यार्थीहरूको

निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउनु र निबन्धलेखन क्षमतासम्बन्धी समस्या सुधारका लागि सुझाव प्रस्तुत गर्नु रहेको छ । अध्ययनमा दुईवटा संस्थागत र दुईवटा सामुदायिक गरी जम्मा चारवटा विद्यालयका ८० जना विद्यार्थीहरूलाई प्रतिशतमा रूपान्तरण गरी व्याख्या तथा विश्लेषणमा आधारित भएर शोधपत्र तयार पारिएको छ । यो अनुसन्धानको निष्कर्षमा छात्रा विद्यार्थीको तुलनामा छात्र विद्यार्थी र सरकारी विद्यालयको तुलनामा निजी विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखनमा देखिएका समस्या समाधानका लागि शिक्षणमा व्याख्या विधिको मात्र प्रयोग गरी विद्यार्थी सक्रियताबाट नै अध्ययापन गराउनु पर्ने सुझाव समेत दिइएको छ । यस अध्ययनमा विद्यार्थीको सामाजिक शैक्षिक र मनोवैज्ञानिक स्तरलाई ध्यानमा राखेर पनि नमुनाका रूपमा चारवटा विद्यालय मात्र छनोट प्रक्रियाद्वारा समग्र गुल्मी जिल्लाको निबन्धलेखन क्षमता जाँच्न नसक्ने यस अध्ययनको कमजोरी मान्न सकिन्छ ।

पौडेल (२०६५) द्वारा ‘कक्षा नौ पूरा गरेका विद्यार्थीहरूको वादविवादलेखन क्षमताको अध्ययन’ शीर्षकमा शोध कार्य भएको पाइन्छ । उक्त शोधको उद्देश्य वादविवादलेखन क्षमताको अध्ययन गर्नु, संस्थागत र सरकारी विद्यालयका विद्यार्थीहरूको वादविवादलेखन क्षमताको तुलना गर्नु, कमीकमजोरीका आधारमा सुझाव पेस गर्नु रहेका छन् । मुख्य रूपमा क्षेत्रीय विधिलाई उपयोग गरिएको छ । उक्त शोधमा यादृच्छिक नमुना छनोट पनि प्रयोग गरिएको छ । उक्त शोधमा अपेक्षित परिणाम मध्यम किमिमको रहेको सहरी क्षेत्रका भन्दा पनि ग्रामीण क्षेत्रका संस्थागतभन्दा सरकारी विद्यालयका, छात्राभन्दा छात्रको तुलनात्मक स्थिती राम्रो रहेको निष्कर्ष निकालिएको छ ।

भण्डारी (२०६६) द्वारा तयार पारिएको ‘कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन’ नामक शीर्षकको शोधपत्र पनि प्रस्तुत शोधसँग मिल्दो अर्को अनुसन्धान हो । यसमा सारांश लेखन क्षमताको विकासका साथै सिर्जनात्मक क्षमताको विकास के कसरी गर्न सकिन्छ ? भन्ने बारेमा जानकारी दिइएको छ । उक्त शोधको उद्देश्य कक्षा एघारमा पढने विद्यार्थीहरूको सारांशलेखन क्षमताको पहिचान गर्नु, अङ्ग्रेजी र नेपाली माध्यमबाट पढाइ हुने उच्च माध्यमिक तह कक्षा एघारमा अध्ययनरत

छात्र छात्राको सारांश लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु, लैङ्गिक आधारमा छात्र छात्राको सारांश लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु, कमी कमजारी पत्ता लगाई निराकरण गर्न आवश्यक सुझाव दिनु रहेका छन् । शोधमा क्षेत्रीय सामग्री विधिअन्तर्गत रही काठमाडौँ उपत्यकाका अङ्ग्रेजी र नेपाली माध्यमबाट पढाइ हुने उच्च माध्यमिक तहका विद्यार्थीहरूको सारांश लेखन क्षमता सामान्य रहेको अङ्ग्रेजी माध्यमबाट पढाइ हुने भन्दा नेपाली माध्यमबाट पढाइ हुने उच्च माध्यमिक कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको क्षमता बढि भएको छात्राभन्दा छात्रको क्षमता उच्च रहेको र शीर्षक र क्रमबद्धतामा सारांश लेखनको स्थिति राम्रो रहेको निष्कर्ष निकालिएको छ ।

नेपाल (२०६७) द्वारा 'कक्षा छ पुरा गरेका विद्यार्थीहरूको निवेदनलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । उक्त अध्ययनका उद्देश्यहरू कक्षा छ पुरा गरेका विद्यार्थीहरूको निवेदनलेखन क्षमताको पहिचान गर्नु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदनलेखन क्षमताको तुलना गर्नु, भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र नेपाली भाषालाई दास्रो भाषाका रूपमा प्रयोग विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तुलना, लैङ्गिक आधारमा विद्यार्थीहरूको निवेदनलेखन क्षमताको तुलना र उक्त विद्यार्थीहरूमा निवेदनलेखन सम्बन्धी कमिकमजोरि पहिचान गरी निराकरणका उपाय रहेका छन् । उक्त अध्ययन गर्दा जनसङ्ख्या प्रतिनिधि नमुना छनोट, सामग्री निमार्ण र सामग्रीको मानकीकरण तथ्याङ्कको सङ्कलन तथ्याङ्कको तालिकीकरण व्याख्या र विश्लेषण गरी प्रस्तुत गरिएको छ । निवेदनलेखनको अध्ययनका क्रममा संस्थागत विद्यालयका ९७ प्रतिशत विद्यार्थीहरूले ५० प्रतिशतभन्दा माथि रहेकाले उच्च देखिएको र सामुदायिक विद्यालयमा ४० प्रतिशत विद्यार्थीहरू ५० प्रतिशतभन्दा माथि रहेकाले सन्तोषजनक रहेको, छात्र समूहका तुलनामा केही समय रहेका, निवेदनको सामान्य ढाँचा, भाषिक शुद्धता, शिल्पशैली, निवेदनलेखनको सङ्गठनात्मक ढाँचा आदि पक्षमा विद्यार्थीहरू जानकार रहेका तर अभ्यासको कमीले त्रुटि रहेको निष्कर्ष निकालिएको छ । उक्त शोधपत्र शोधार्थीका लागि सान्दर्भिक देखिन्छ ।

अधिकारी (२०६८) द्वारा 'कक्षा आठमा अध्ययनरत दृष्टिविहिन र दृष्टियुक्त विद्यार्थीहररुको श्रुतिबोध क्षमताको तुलनात्मक अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको छ । जसमा कक्षा आठमा अध्ययनरत दृष्टियुक्त र दृष्टिविहिन विद्यार्थीको श्रुतिबोध क्षमता पहिल्याउनु, सार्वजनिक र निजी विद्यालयमा अध्ययनरत दृष्टियुक्त र दृष्टिविहिन विद्यार्थीहरूको श्रुतिबोध क्षमता पत्ता लगाउनु, दृष्टियुक्त र दृष्टिविहिन विद्यार्थीहरूको पठित तथा अपठित पाठ्य उद्धरणका आधारमा श्रुतिबोध क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु जस्ता उद्देश्य राखिएको छ । यसमा शोधपत्रको नमुना सर्वेक्षण विधिको प्रयोग गरिएको छ । निष्कर्षका रूपमा श्रुतिबोध क्षमतालाई हेर्दा विद्यार्थीको श्रुतिबोध क्षमता सन्तोषजनक नै पाइएको देखिन्छ । श्रुतिबोध श्रुतिलेखनमा आउने महत्त्वपूर्ण पक्ष भएकाले श्रुतिलेखन र श्रुतिबोध लेखन क्षमतासँग सम्बन्धित पक्ष हुन् ।

मिश्र (२०७२) द्वारा 'इलाम जिल्लाको कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त कार्यमा इलाम जिल्लाको कक्षा नौमा अध्ययनरत ८० जना विद्यार्थीहरूको कथालेखन क्षमताको पहिचान गर्नु, विद्यालयको प्रकृतिको आधारमा, लैङ्गिकता र भाषिक पृष्ठभूमिका आधारमा कथालेखन क्षमता अभिवृद्धिका पक्षहरू पहिल्याउने जस्ता उद्देश्यहरू राखिएका छन् । क्षेत्रीय अध्ययन विधिको प्रयोग गरी र उत्तरपुस्तिकालाई तथ्याङ्कशास्त्रीय विधिबाट व्याख्या र विश्लेषण गरी इलाम जिल्लाका आठवटा विद्यालयका ८० जना विद्यार्थीहरूको नमुना छनोट गरिएको छ । त्यसैका आधारमा संस्थागत विद्यालयमा भन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको कथालेखन क्षमता सन्तोषजनक रहेको बताइएको छ । त्यस्तै लैङ्गिकताको आधारमा तुलना गर्दा छात्रको भन्दा छात्राको कथालेखन क्षमता राम्रो रहेको छ । भाषिक पृष्ठभूमिका आधारमा विश्लेषण गर्दा नेपाली विमातृभाषी विद्यार्थी भन्दा नेपाली मातृभाषी विद्यार्थीहरूको कथालेखन क्षमता उच्च देखिन्छ । विद्यार्थीहरूको कथालेखन क्रममा लिङ्गगत, वाक्यगत कोटि नमिलाएको, भाषिक अशुद्धताजस्ता कमजोर हटाउन विविध सन्दर्भमा कथाको संरचनालाई मिलाइ स्वतन्त्र मौलिक रूपमा मानक

भाषाको प्रयोग गरी कथालेखन कार्यमा अग्रसर र उत्प्रेरित गराउनुपर्छ भन्ने जस्ता सुझाव प्रस्तुत गरिएको छ । यस अध्ययनबाट प्रस्तुत शोध कार्यमा यथेष्ट बल पुग्ने देखिन्छ ।

पोखेल (२०७३) द्वारा 'कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार गरिएको छ । उक्त शोधपत्र कक्षा पाँचमा अध्ययनरत विद्यार्थीको श्रुतिलेखन क्षमता पहिचान गर्नु, काठमाडौँ जिल्लाका कक्षा पाँचमा अध्ययनरत सामुदायिक र संस्थागत  विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु, नेपाली मातृभाषी विद्यार्थी र दोस्रो भाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक विश्लेषण गर्नु जस्ता उद्देश्यहरू रहेका छन् । उक्त अध्ययनका लागि काठमाडौँ जिल्लाका सामुदायिक पाँच वटा र संस्थागत पाँच वटा विद्यालयबाट १०/१० जना गरी जम्मा १०० जना विद्यार्थीमा सीमित रहेको छ । क्षेत्रीय सामग्री सङ्कलन विधि अवलम्वन गरिएको उक्त अध्ययनमा नमुना छनोटको रूपमा काठमाडौँ जिल्लाका विद्यार्थीहरू रहेका छन् । उक्त शोधपत्रमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमतालाई हेर्दा समग्रमा श्रुतिलेखन क्षमता राम्रो देखिन्छ । सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयको श्रुतिलेखन क्षमता राम्रो रहेको पाइन्छ । लैङ्गिकताको आधारमा दुवै विद्यालयको छात्रा र छात्रको श्रुतिलेखन क्षमता मध्ये छात्रको श्रुतिलेखन क्षमता राम्रो रहेको पाइन्छ । उपयुक्त तथ्यलाई प्रतिशताङ्क, मध्यमान र मानक विचलनको  आधारमा व्याख्या विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

पोखेल (२०७३) द्वारा 'कक्षा तिनमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार गरिएको छ । उक्त शोधपत्र कक्षा तिनमा अध्ययनरत विद्यार्थीको श्रुतिलेखन क्षमता पत्ता लगाउनु, विद्यालयको प्रकृति र लैङ्गिकताका आधारमा विद्यार्थीको श्रुतिलेलन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, श्रुतिलेखन सम्बन्धी समस्याहरू र निराकरणका उपायहरू सुल्झाउनु जस्ता उद्देश्यहरू रहेका छन् । उक्त अध्ययन काठमाडौँ जिल्लाका सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयका १०० जना विद्यार्थीमा सीमित रहेको छ । क्षेत्रीय अध्ययन विधिको अवलम्बन

गरिएको उक्त अध्ययनमा नमुना छनोटको रूपमा काठमाडौँ जिल्लाका विद्यार्थीहरू रहेका छन् । उक्त शोधपत्रमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थितिलाई हेर्दा समग्रमा श्रुतिलेखन राम्रो देखिन्छ । सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयको श्रुतिलेखन क्षमता राम्रो रहेको पाइन्छ । लैङ्गिकताको आधारमा छात्राहरूभन्दा छात्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमता राम्रो रहेको देखिन्छ । उपयुक्त तथ्यलाई प्रतिशताङ्क, मध्यमान, मानक विचलनको आधारमा विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

पौडेल (२०७३) द्वारा 'कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार गरिएको छ । नवलपरासी जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीको श्रुतिलेखन क्षमता पहिचान गर्नु, भाषिक पृष्ठभूमि र लैङ्गिकताका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको आधारमा श्रुतिलेखन क्षमताको अध्ययन गर्नु, उक्त कक्षाका विद्यार्थीहरूको वर्ण विन्यास र लेख्य चिह्न प्रयोगका आधारमा श्रुतिलेखन क्षमताको अध्ययन गर्नु जस्ता उद्देश्यहरू रहेका छन् । उक्त अध्ययन नवलपरासी जिल्लाका सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयका १०० जना विद्यार्थीमा सीमित रहेको छ । क्षेत्रीय सामग्री सङ्कलन विधि अवलम्वन गरिएको उक्त अध्ययनमा नमुना छनोटको रूपमा नवलपरासी जिल्लाका विद्यार्थीहरू रहेका छन् । उक्त शोधपत्रमा समग्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमता उच्च रहेको छ । विद्यालयको लैङ्गिकताको आधारमा दुवै विद्यालयको छात्रा र छात्रको श्रुतिलेखन क्षमता मध्ये छात्रको श्रुतिलेखन क्षमता राम्रो रहेको पाइन्छ । भाषिकताको आधारमा पनि पहिलो भाषी भन्दा दास्रो भाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमता न्युन रहेको पाइन्छ । उपयुक्त तथ्यलाई प्रतिशताङ्क, मध्यमानको आधारमा व्याख्या विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

सुवेदी (२०७३) द्वारा 'काठमाडौँ जिल्लाको कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको अध्ययन' शीर्षकमा शोध तयार गरिएको छ । काठमाडौँ जिल्लाको कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको पहिचान गर्नु, विद्यालय प्रकृतिको आधारमा विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको भिन्नता पहिल्याउनु, लैङ्गिक आधारमा विद्यार्थीहरूको शुभकामना लेखन

क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु जस्ता उद्देश्य राखी अध्ययन गरिएको छ । क्षेत्रीय विधिको प्रयोग भएको पाइन्छ । यस अध्ययनमा काठमाडौँ जिल्लाका पाँचवटा संस्थागत र सामुदायिक विद्यालयहरूबाट जम्मा १०० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएको छ । यस शोधमा कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमता राम्रो रहेको देखाइएको छ । लैङ्गिक आधारमा विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको तुलनात्मक अध्ययन गर्दा छात्रहरूको भन्दा छात्राहरूको शुभकामना लेखन क्षमता राम्रो रहेको देखाइएको छ । यस अनुसन्धान लेखन क्षमताको अध्ययनसँग सम्बन्धित भएकाले यसले कथा लेखन क्षमताको अनुसन्धानका लागि सहयोग पुऱ्याउने देखिन्छ ।

यी उल्लिखित विद्वान् र उनका पुस्तकका अलावा अन्य विभिन्न पुस्तक पनि यस शोधसँग सम्बन्धित रहेका छन् । उल्लिखित पाठ्यपुस्तकहरूले प्रस्तुत शोधशीर्षकले विद्यार्थीलाई सहयोग पुऱ्याएको छ ।

## २.२ सैद्धान्तिक परिचय

मानव विकासको प्रारम्भ सँगसँगै भाषाको विकास कथ्य रूपमा भएको पाइन्छ । मानव सभ्यताको विकासलाई इतिहासको गतिसँगै भावी पिढीँका निम्ति सुरक्षित राख्ने काम लेख्य भाषाले गर्दा यसको तुलनामा कथ्य भाषामा कमै देखिन्छ । यस्तो व्यवस्थित भाषाको विकास भने कथ्य भाषाबाट नै लिपिबद्ध हुन थालेको हो । यसरी मानव विकासको गति सँगसँगै विभिन्न प्रविधिहरूको विकासको क्रममा कथ्य भाषा नै लिपिबद्ध हुन थालेको हो । यस्तो किसिमको भाषाले साहित्यिक स्वरूप ग्रहण गर्न थालेपछि भाषाका गद्य र पद्य दुई भेद देखिन थालेका हुन् (पौडेल, २०७० : १९०) । भाषाका चार सीपहरूमध्ये प्रमुख सीपका रूपमा सुनाइ सीप रहेको छ । सुनाइ भाषा सिकाइको सर्वाधिक महत्त्वपूर्ण आधार हो । आफ्नो अनुभव एवम् विचारलाई अरु सामु प्रस्तुत गर्ने क्रममा सुनेर बुझेर व्यक्त गर्नुलाई सुनाइ भनिन्छ । भाषाका प्रमुख दुई पक्ष बोध र प्रकटनमध्ये अभिव्यक्तिमध्ये सुनाइ बोध वा ग्रहण पक्षसँग सम्बन्धित मानिन्छ ।

वक्ताले भनेको कुनै पनि कुरालाई सुनेर सोही सुनाइका आधारमा बोध गरी लिखित रूपमा व्यक्त गर्नु नै श्रुतिलेखन हो । श्रुतिलेखन गराउँदा जुनसुकै विषयवस्तुलाई आधारित बनाए पनि एउटा शीर्षकलाई सुनाइ सोही आधारमा लेख्ने गरिन्छ । श्रुतिलेखन गराउँदा विद्यार्थीहरूलाई कुनै पनि विषयवस्तु लेख्न लगाउन सकिन्छ । विद्यार्थीहरूले सुनेका आधारमा के कति बुझेर लेखन सक्दछन् । त्यसका लागि श्रुतिलेखन गराउन सकिन्छ । कुनै पनि विषयवस्तुलई सुन्न र सुनेका आधारमा लेख्न लगाइने भएकाले यो बृहत् अनुभव र बोध तथा ग्रहणसँग सम्बन्धित छ ।

## २.३ श्रुतिलेखनको परिचय

सामान्य भाषामा श्रुतिलेखनको अर्थ सुनेका आधारमा कुनै पनि कुरा लेख्ने अभ्यास हो । वक्ताले भनेको भनाइमा अर्थ र आशयअनुसार सुनेर सोही सुनाइका आधारमा लेख्नु नै श्रुतिलेखन हो । लेखाइ सीप विकासको अभिन्न अङ्ग मानिने यो कार्यकलाप श्रवण कौशलको सर्वाधिक महत्त्वपूर्ण आधार हो । श्रुतिलेखन समग्र विद्यालय गतिविधिको अभिन्न अङ्गका रूपमा देखिन्छ । सुनेका भरमा विद्यार्थीहरूले लेखेका विषयवस्तुलाई जाँची उनीहरूका श्रवण क्षमता र कमी कमजोरीहरू पत्ता लगाई उनीहरूमा हौसला बढाउन सकिन्छ । यसका साथै लेख्यचिह्नको प्रयोग, वर्णविन्यासको तालमेल, वर्णविन्यास, शब्द गठन, द्रूत लेखन तथा सौन्दर्यपूर्ण लेखनका लागि श्रुतिलेखनको विशेष महत्त्व रहेको पाइन्छ । शिक्षकले विद्यार्थीहरूको विभिन्न स्तरलाई ध्यान दिई श्रुतिलेखनको अभ्यास गराउन सक्दछन् । यस्तो अभ्यास माथिल्लो कक्षामा कहिलेकाहीँ अदृष्टांश अनुच्छेदहरूको पनि उपयोगगर्न सकिन्छ भने प्रारम्भिक कक्षाहरूमा विद्यार्थीहरूले पढिसकेका दृष्टांश अनुच्छेदहरूको प्रयोग उपयोगी मानिन्छ । यसले भाषिक क्षमताको अभिवृद्धिमा जोड दिन्छ । विद्यार्थीहरूलाई श्रुतिलेखन कार्यकलाप गराउँदा ध्यानपूर्वक सुन्ने र सोही आधारमा लिपिबद्ध गर्दै लेखाइको गतिलाई तिब्र रूपमा बढाउँदै जाने क्षमताको वृद्धि हुन्छ ।

श्रुतिलेखन कार्य गराउँदा शान्त वातावरणमा गराउन आवश्यक हुन्छ । अरुले भनेको कुरा सुन्न अरुले सोधेको प्रश्नको प्रभावकारी उत्तर दिन, अरुको निर्देशन पालना गर्न र आफ्नो दैनिक जीवन प्रभावकारी र कुशलतापूर्वक सञ्चालन गर्नका निम्ति श्रवणकलाले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । कक्षाकोठामा शिक्षकले भनेका कुरा बुझ्न विश्व परिवेशमा भएका घटनाहरूसँग चिरपरिचित गराउन, शब्दभण्डार क्षमताको वृद्धि गराउन, ध्वनि पहिचान गर्नु, गीत–सङ्गीत, मुक्तक, चुट्किला सुनेर मनोरञ्जन प्राप्त गर्न र अभिव्यक्ति क्षमताको वृद्धि विकास गर्नका लागि श्रुतिलेखन गराउन आवश्यक हुन्छ । श्रुतिलेखन गर्दा दिमाग कान, आँखा र हातको कुशल संयोजन हुनु आवश्यक हुन्छ (पौडेल, २०७० : ४१) ।

तल्ला कक्षाहरूका विद्यार्थीहरूलाई वर्णविन्यास, शुद्धि, श्रवण, उच्चारण, लेख्यचिह्न जस्ता कुराहरूको कार्यकलाप अनिवार्य हुन्छ भने माथिल्ला कक्षाहरूमा प्रश्नोत्तर, व्याख्या, विश्लेषण, विवेचना, समीक्षा र विभिन्न प्राविधिक र सिर्जनात्मक कलाको विकास गराउनका लागि श्रुतिलेखन अपरिहार्य कार्यकलाप बनेको छ । प्राथमिक तह औपचारिक सिकाइको प्रारम्भिक तह हो । यस तहमा पढ्ने बालबालिकाले जे–जति कुराहरू सिकेका हुन्छन्, ती सबै कुराहरू श्रवणका आधारमा नै सिकेका हुन्छन् । कुनै पनि बालकले भाषासम्बन्धी विविध कुराहरू सिक्न अभिवृद्धि क्षमताको विकास गराउनका लागि धेरैभन्दा धेरै समय श्रवणमा नै लगाउनु उपयुक्त हुन्छ ।

अतः कुनै पनि कुरा ध्यानपूर्वक सुन्न र सुनेका आधारमा कुशलतापूर्वक लेख्नका लागि श्रुतिलेखन कार्यकलाप अत्यन्तै उपयोगी मानिन्छ । श्रुतिलेखन कार्य गराउँदा बालबालिकाहरूमाथि लेखाइसम्बन्धी देखिने विविध कमजोरीहरू जस्तै : वर्णविन्यासगत त्रुटिहरू, लेख्यचिह्न सम्बन्धी समस्याहरू, श्रवणकला के कस्तो रहेको छ त्यसको जानकारी लिन र ती समस्याहरूलाई निराकरण गराउनका लागि श्रुतिलेखन कार्यकलाप उपयोगी हुन्छ । तसर्थ श्रुतिलेखन कला विकासको लागि निकै प्रभावकारी र महत्त्वपूर्ण कार्यकलाप हो ।

## २.४ श्रुतिलेखनका प्रकार

श्रुतिलेखन मौखिक अभिव्यक्तिसँग सम्बन्धित हुन्छ । सुनाइ भाषाको आधारभूत सीप हो । व्यक्तिले कुनै पनि कुरा राम्रोसँग सुनेपछि मात्र अभिव्यक्त गर्न सक्छ । त्यसैले सुनाइलाई भाषाको आरम्भिक सीप मानिन्छ । सुनाइबाट सम्झिने, बुझ्ने र अभिव्यक्त गर्ने कुशलताको विकास हुन्छ । त्यसबाट नै मानवीय व्यवहार सञ्चालन हुने भएकाले श्रुतिलेखन अनिवार्य विषयका रूपमा रहेको पाइन्छ । सुनाइका प्रकारहरू निम्नानुसार रहेका छन् :

### २.४.१ गहन श्रुति

भाषाभित्र व्यक्त भएका विभिन्न प्रकारका अर्थ सन्देशहरू तथा भाषिक तत्त्वहरूको गहन रूपले अध्ययन गरी मर्म छिचोल्ने किसिमको सुनाइलाई गहन श्रुति भनिन्छ । गहन श्रुतिलाई अर्थगत श्रुति र भाषागत श्रुति गरी दुई भागमा विभाजन गर्न सकिन्छ ।

#### २.४.१.१ अर्थगत गहन श्रुति

भाषाभित्र व्यक्त भएका विभिन्न सन्देश वा अर्थलाई विस्तृत रूपमा पहिल्याउने कार्यलाई अर्थगत गहन श्रुति भनिन्छ । अर्थगत गहन श्रुति अभ्यासका लागि बोध प्रश्नोत्तर, सारांशकथन र लेखन, तर्कपूर्ण समस्या समाधान जस्ता कार्यकलाप गराउन पर्दछ । यस्तो प्रकारको कार्यकलाप मौखिक र कहिलेकाहीँ लिखित रूपमा पनि गराउन सकिन्छ । यस्तो प्रकारको शिक्षणमा तथ्यपरक निजात्मक र अनुमानात्मक प्रश्नहरूलाई समेट्ने गरिन्छ । विद्यार्थीहरूलाई कुनै पनि विस्तृत कुरा त्यसको सारांशलेखन वा भन्नका लागि अर्थपूर्ण गहन श्रुतिको विशेष कार्यकलाप हुन सक्छ । यसअन्तर्गत बुँदाटिपोट गर्ने सिलसिला मिलाई सारांश भन्ने र मुख्य विचार पहिल्याउने जस्ता कार्यकलाप गराउन सकिन्छ ।

### २.४.१.२ भाषागत गहन श्रुति

श्रुति अभिव्यक्तिमा प्रयुक्त विभिन्न प्रकारका भाषिक पक्षमा आधारित अभ्यासात्मक कार्यकलापहरूलाई भाषागत गहन श्रुति गराउन सकिन्छ । शब्द निर्माण, शब्द प्रयोग, वाक्यान्तरण, वर्णविन्यास, शब्दान्तरण, रूपायन, व्युत्पादन, वर्ण पहिचान, व्याकरणिक कोटि तथा उक्ति परिवर्तन आदि भाषागत कुराहरूलाई आधार बनाएर तिनै कुराहरूको अभ्यास भाषागत गहन श्रुतिअन्तर्गत राख्न सकिन्छ ।

### २.४.२ व्यापक श्रुति

शिक्षकले श्रुतिलेखनका क्रममा विद्यार्थीहरुले के गर्ने भन्ने सन्दर्भमा पहिले नै निर्देशन दिई तिनै निर्दिष्ट कुराहरुका सम्बन्धमा गराइने अभ्यासलाई नै व्यापक त्रुटि भनिन्छ । श्रुतिबोधात्मक अभिव्यक्ति सुनेपछि गर्नुपर्ने कुरामा पहिले नै जानकारी गराउँदा विद्यार्थीहरु कार्यबोझबाट त्रसित हुने डर हुँदैन । वक्ताहरुद्वारा व्यक्त घटना, कथा वा अन्य कुनै पनि विषय सुनेर त्यसको निर्दिष्ट कुराहरु पहिल्याउने कार्यकलाप यसमा सञ्चालन गर्न सकिन्छ । सुनेका कुराहरुका आधारमा बुझ्ने उद्देश्य रहने भएकाले यस्तो प्रकारको श्रुतिलाई व्यापक त्रुटि भनिन्छ ।

### २.४.३ श्रुतिलेखनका कार्यकलापहरू

सुनाइ सीप बोलाइ सीपको पूर्वाधार हो । राम्रोसँग सुन्ने र सुनेका आधारमा बुझ्न सक्ने क्षमताको अभिवृद्धि गराउनका लागि विभिन्न किसिमका कार्यकलापहरू गराउन सकिन्छ । सुनाइ अथवा श्रुतिबोधका कार्यकलापहरू विद्यार्थीहरूको तह हेरी वर्ण विभेदीकरण, वाक्यविभेदीकरण, श्रुतिबोध, श्रुतिलेखन, श्रुतिरचना, बुँदाटिपोट, सुन र गर, वर्ण विभेदीकरण, घटनाक्रम मिलाउने श्रुतिबोधात्मक उपयुक्त मानिन्छ । श्रुतिलेखन गराउँदा सिकारुको अनुभव एवम् ज्ञानको स्तर, सिकारुको उत्सुकता र सुन्ने प्रवृत्ति, विधि, उपकरण, कक्षा उपयोग तथा सुनाइका लागि आवश्यक सहयोग पुऱ्याउने पूरक कार्यकलापलाई ध्यान दिएर श्रुतिबोधलाई पृथकीकृत गराउन सधै ध्यान दिनुपर्दछ (पौडेल,

२०७० : २६७) । श्रुतिलेखन क्षमताको विकास गर्नका लागि अवलम्बन गर्न सकिने कार्यकलापहरूलाई निम्नानुसार चर्चा गरिएको छ :

### २.४.३.१ **ध्वनि विभेदीकरण**

ध्वनि पहिचान सुनाइ शिक्षणको पहिलो कार्यकलाप हो । अभिव्यक्त ध्वनि वा आवाज पहिचान गर्न सक्ने क्षमताको विकास गराउनका लागि यो कार्यकलाप गराउन सकिन्छ । सबै ध्वनि एकैनाशका हुँदैनन् । कुनै ध्वनि मोटा मसिना हुन्छन् भने कुनै ध्वनि मिठा नमिठा हुन्छन् त कुनै ध्वनि चर्का–मधुरा हुन्छन् । यस्ता ध्वनि चिन्ने आधार भनेकै सुनाइ हो । शिक्षकले कक्षाकोठामा यस्ता विभिन्न खाले ध्वनि निकालेर विद्यार्थीहरूलाई ध्वनि पहिचान गर्न लगाउने र विमातृभाषी विद्यार्थीहरूलाई पढाउँदा पनि ध्वनि पहिचानबाट सिकाइको सुरूवात गर्नु राम्रो मानिन्छ (भुसाल, २०७३ : १६५) ।

### २.४.३.२ **सुन र गर**

कक्षामा शिक्षकले विद्यार्थीहरूलाई विभिन्न काम गर्न लगाउँछन् र काम गर्न निर्देशन दिन्छन्, ती सबै कुरा नुबझ्नेले गर्न सक्दैनन् । अपेक्षाकृत रूपमा काम गर्न नसक्दा समस्या उत्पन्न हुन सक्छ । यस्तो समस्या उत्पन्न नहोस् भन्नका लागि सुन र गर कार्यकलाप गराउन आवश्यक हुन्छ । कक्षा शिक्षणका क्रममा सस्वरवाचन, उच्चारण, प्रश्नोत्तर वाक्यमा प्रयोग जस्ता गतिविधिमा सरिक गराउन सकिन्छ । यस्तो कार्यकलाप गराउँदा राम्रोसँग सुन्ने र सुनेका कुराअनुसार काम गर्न सक्ने बानीको विकास हुन्छ ।

### २.४.३.३ **वर्ण विभेदीकरण**

वर्णहरू बीचको भिन्नता पहिल्याउने र ठीक ढङ्गले सुन्ने तथा बुझ्ने अभ्यास वर्णविभेदीकरण अन्तर्गत गराइन्छ । कक्षाकोठामा यससम्बन्धी क्रियाकलाप गराउँदा विद्यार्थीहरूले बढीभन्दा बढी गल्ती गर्ने समस्यामूलक वर्णयुग्महरू सुनाइन्छ । यसो गर्दा सार्थक–सार्थक र निरर्थक–निरर्थक, सार्थक–निरर्थक जुनसुकै वर्णयुग्महरू प्रयोगमा ल्याउन सकिन्छ । वर्णहरूको ध्वनिका आधारमा अर्थका पहिचान गर्ने कार्य

वर्णविभेदीकरण भएकाले शिक्षकले विद्यार्थीरुको स्तरअनुरूप वर्णयुग्महरू सङ्कलन गरी कक्षाकोठामा तिनको अभ्यास गर्न लगाउनु पर्दछ । उदाहरणका लागि बाछा–बाचा, सित–शित, वर–बर आदि ।

### २.४.३.४ वाक्य विभेदीकरण

समान जस्ता प्रतीक हुने तर अर्थ तथा आशयगत भिन्नताहरू भएका वाक्यहरू दिएर तिनमा पाइने अर्थगत भिन्नता पहिचान गर्न लगाउने कार्य वाक्य विभेदीकरण हो । यस कार्यकलापमा उस्तै उस्तै वाक्यहरूमा पाइने अर्थगत भिन्नतालाई पहिल्याउने र अर्थबोध गर्ने कुरासँग सम्बन्धित हुन्छ । यसका लागि शिक्षकले कक्षाकोठामा त्यस किसिमका वाक्यहरू दिई तिनमा पाइने अर्थगत र व्याकरणात्मक भिन्नताहरू पहिचान तथा बोध गर्न लगाउनुपर्दछ । जस्तै : कोट–कोत, चोट–चोप आदि । यसो गर्दा सुनाइ सीपको विकासमा मद्दत मिल्दछ ।

### २.४.३.५ श्रुतिबोध

सुनेको कुरा बुझेर उत्तर दिन सक्नु नै श्रुतिबोध हो । सुनेको कुरा बुझिएन भने त्यसको कुनै सार्थकता रहँदैन । अतः शिक्षकले विद्यार्थीहरूको कक्षागत स्तर हेरी श्रुतिबोधात्मक अभ्यास गराउनु पर्दछ । शिक्षकले कुनै कथा, घटना वा जीवनी सुनाइ त्यसको शीर्षक भन्न, छान्न वा अनुमान गर्न लगाउने, कुनै घटना उल्टोपाल्टो पारेर सुनाउने र त्यसलाई मिलाउन लगाउने जस्ता कार्यकलाप गराउन सकिन्छ ।

### २.४.३.६ श्रुतिलेखन

कुनै पाठ्यांश सस्वरवाचन गर्दै लेख्न लगाउनु श्रुतिलेखन हो । यसअन्तर्गत विद्यार्थीहरूलाई उपयुक्त उच्चारण तथा वर्णविन्यास अनुरूप लेख्न अभ्यस्त गराइन्छ । ध्यानपूर्वक सुन्ने, सम्झने र विन्यास गर्ने कुरामा विद्यार्थीहरूलाई प्रवृत्त बनाउन यो कार्यकलाप उपयोगी हुन्छ । यसबाट विद्यार्थीहरूमा वर्णविन्यास र लेख्य चिह्न प्रयोगसम्बन्धी शुद्धाशुद्धी थाहा पाउन सकिन्छ ।

### २.४.३.७ श्रुति रचना

विद्यार्थीहरूलाई कुनै घटना, प्रसङ्ग, विषयवस्तुको वर्णन, विवरण आदि सुनाइ उनीहरूले सम्झे बुझेका आधारमा क्रम मिलाएर एक दुई  अनुच्छेद लेख्न लगाउने कार्य श्रुति रचना हो । यसले विद्यार्थीको सुनाइ, बोलाइ, लेखाइ सीपको विकास गर्दछ । श्रुति रचनाका लागि विद्यार्थीले नपढेका कथा, जीवनीलगायत घटना, प्रसङ्ग वा विषयवस्तुको प्रयोग गर्न सकिन्छ । यसबाट विद्यार्थीमा सुन्ने, बुझ्ने र बुझेका कुरा लेख्ने सीपको विकास हुन्छ ।

### २.४.४ लेखाइ सीप र श्रुतिलेखन

भाषाका चारवटा सीपहरू सुनाइ, बोलाइ, पढाइपछिको महत्त्वपूर्ण भाषिक सीप लेखाइ सीप हो । कुनै पनि मानिसले आफ्नो मनमा लागेका विचार, धारणा वा अनुभवहरूलाई लिपिबद्ध भाषामा प्रस्तुत गर्नुलाई लेखाइ भनिन्छ । भाषा विचार आदानप्रदानको माध्यम भएको हुनाले विचारको आदानप्रदान दुई प्रकारले हुन्छ बोलेर वा लेखेर । जोसँग बोलेर विचारको आदानप्रदान गर्न सकिँदैन । त्योसँग लेखेर भावनाको साटासाट गरिन्छ । विशेषतः शिक्षित वर्गमा बोलाइको भन्दा लेखाइको महत्त्व बढ्दै गएको पाइन्छ । कथ्य भाषामा व्यक्त विचारलाई लिपिबद्ध गरी चिरस्थायीसम्म राख्नका लागि लेखाइ सीपको आवश्यकता पर्दछ । भाषिक सीप विकासमा लेखाइ सीप अन्तिम र महत्त्वपूर्ण सीप हो । लेखाइ सीपले लेखनकलाको विकास गरेको हुन्छ । लेखन क्षमताको विकास गर्ने गराउने, लेखनमा गति क्रमबद्धता र स्पष्टता ल्याउन लेखाइ सीप नै सहयोगी बनेको हुन्छ । लेखाइलाई नियमबद्ध व्यवस्थित गराउन प्राथमिक तहबाट नै शुद्धतालाई जोड दिनुपर्दछ । लेखन क्षमताको आधार प्राथमिक तहबाट नै मजबुत भएमा प्राथमिक तहको अध्ययन पूरा गरेका विद्यार्थीहरूले घरायसी कामकाजका रूपमा प्रयोग हुने लेखनलाई शुद्ध, स्पष्ट पार्न सक्षम हुन्छन् । तल्ला तहदेखि नै हस्तलेखन, अनुलेखन, घटनालेखन, निबन्धलेखन, संवादलेखन, प्रश्नोत्तर, श्रुतिलेखन, निवेदनलेखन, दैनिकी लेखनजस्ता विभिन्न लेखनकलासँग सम्बन्धित क्रियाकलापहरू गराएर विद्यार्थीहरूमा

लेखनकला क्षमताको विकास गराउँदै लैजान सकिन्छ । क्रमशःमाथिल्ला तहहरूमा दैनिकलेखन, बुँदाटिपोट, भावविस्तार, सङ्क्षेपीकरण, अनुच्छेदलेखन, प्रबन्धलेखन, प्रतिवेदन लेखन जस्ता क्रियाकलाप गराएर लेखन क्षमताको विकास गराउन सकिन्छ ।

लेखाइ सीपको विकास गराउने विभिन्न क्रियाकलापहरू श्रुतिलेखन पनि एक महत्त्वपूर्ण क्रियाकलाप हो । भाषिक सीपमध्ये लेखाइ सीप र श्रुतिलेखन एकआपसमा अन्तरसम्बन्धित छन् । सुनाइको माध्यमबाट लेखाइ सीप वा श्रुतिलेखनको अभ्यास गराउन सकिने भएकाले लेखाइ सीप र श्रुतिलेखन एकआपसमा सम्बन्धित छन् । श्रुतिलेखन गराउँदा विद्यार्थीहरूको तहलाई ख्याल गरी विभिन्न अनुच्छेदहरू, संवादहरू कुनै पाठको अंश भनेर उनीहरूलाई श्रुतिलेखन गराउन सकिन्छ । श्रुतिलेखनमा वर्णविन्यास, लेख्यचिह्न प्रयोग, भाषिक शुद्धता जस्ता कुराहरूमा ध्यान पुऱ्याउनु पर्दछ । श्रुतिलेखनमा व्यक्ति जति सक्षम हुँदै जान्छ, उसमा त्यति नै प्रौढता आउँछ । त्यसैले विद्यार्थीमा लेखाइसम्बन्धी धारणात्मक, प्रयोगात्मक, संज्ञानात्मक सीप विकास गराउन श्रुतिलेखन प्रक्रियाले पृष्ठपोषण प्रदान गर्दछ । यसरी लेखाइ सीपको विकासमा श्रुतिलेखन क्षमताको महत्त्वपूर्ण स्थान र भूमिका रहेको छ ।

### २.४.५ श्रुतिलेखन कार्यकलापले भाषिक सीप विकासमा पार्ने प्रभाव

- अरुले भनेका कुरा सुन्ने र सुनेका आधारमा लेख्न सक्ने क्षमताको विकास गर्ने
- उपयुक्त हिज्जे, वर्णविन्यासगत शुद्धतामा विकास गर्न,
- द्रुतलेखन क्षमताको विकास गर्न,
- उच्चारणअनुसारको मानक लेखन क्षमताको विकास गर्न,
- श्रुतिलेखनले लेखन सीपको मात्र विकास गरी बोलाइ र पढाइ सीपको विकास गर्न सहयोग पुऱ्याउन ।

### २.४.६ श्रुतिलेखन कार्यमा विद्यार्थीले गर्ने त्रुटिका क्षेत्रहरू

- उच्चरित ध्वनि ध्यानपूर्वक नसुन्दा गल्ती लेख्नु,

- सुन्दा उस्तै उस्तै लाग्ने वर्णहरू लेख्दा अल्मलिनु,
- उच्चारणअनुरूप सोही वर्ण मिलाएर लेख्न नसक्नु,
- श्रुतिलेखनमा सही र उचित चिह्नको प्रयोग ख्याल नगरी लेख्नु,
- श्रुतिलेखनमा सुनाइ र लेखाइ कार्य एकैचोटि गर्नुपर्ने हुँदा ध्यानपूर्वक सुन्न र सोही आधारमा लेख्न अल्मलिनु ।

### २.४.७ श्रुतिलेखन गराउँदा ध्यान दिनुपर्ने कुराहरू

- कक्षाकोठाको वातावरण शान्त, सौहार्द्धपूर्ण र विद्यार्थी बसाइँ व्यवस्थालाई व्यवस्थित गराउने,
- विद्यार्थीलाई श्रुतिलेखन गराउँदा शब्द उच्चारण नगरी लेख्न सचेत गराउने,
- विद्यार्थीको स्तरअनुसार सरल सामग्री छनोट गरी श्रुतिलेखन गराउने,
- श्रुतिलेखन गराउँदा विद्यार्थीहरूले पहिले नै पढिसकेका पाठका अनुच्छेद वा पाठको श्रुतिलेखन गराउने,
- लेख्य सामग्रीलाई विद्यार्थीको स्तर लेखन क्षमताको गति हेरी मन्द गतिमा पटक पटक दोहोऱ्याइ लेख्न लगाउने ।

### २.४.८ श्रुतिलेखनसम्बन्धी कमजोरीको निराकरणका उपायहरू

विद्यार्थीहरूलाई श्रुतिलेखन गराउँदा विभिन्न कमजोरीहरू देखिन्छन् । शिक्षकले श्रुतिलेखन गराउँदा विद्यार्थीको क्षमता स्तरलाई ध्यान दिई श्रुतिलेखन गराउन सकिन्छ । श्रुतिलेखन गराउँदा विद्यार्थीहरूले गर्ने कमजोरीहरूको पहिचान गरी श्रुतिलेखन गराउन सकिन्छ । विद्यार्थीमा विद्यमान कमजोरी वा त्रुटिक्षेत्र पहिल्याएर तिनीहरूको निराकरण गर्न सचेत प्रयास गर्न सक्छ । विद्यार्थीहरूले शिक्षकको अभिव्यक्ति सुनेर भाव ग्रहण गर्न सक्दछन् । श्रुतिलेखन ध्यानपूर्वक सुन्ने र सुनेका कुराहरू लेख्ने कार्य भएकाले विद्यार्थीहरूलाई ध्यानपूर्वक सुन्न र सुनेका कुरा लेख्न सक्ने क्षमताको विकास गर्न निर्देश दिनुपर्दछ ।

श्रुतिलेखन गराउँदा विद्यार्थीहरूलाई सर्वप्रथम उनीहरूको तहअनुरूपको स्तर क्षमताअनुसार लेखाइको गति, वर्णविन्यास, लेख्यचिह्नहरूको स्पष्ट रूपमा जानकारी गराई सोही रूपमा निर्देश दिनुपर्दछ । श्रुतिलेखन कार्यकलाप गराउँदा विद्यार्थीहरूको स्तर हेरी सामग्री छनोटमा ध्यान दिनुपर्दछ । लेख्यचिह्न, भाषिक शुद्धता, वर्णविन्यास आदिमा ख्याल गर्दै गति, यति, आरोह–अवरोह मिलाएर उच्चारण गर्ने र सोहीअनुरूप लेखन कार्यमा विद्यार्थीहरूलाई उत्प्रेरित गर्नुपर्दछ । श्रुतिलेखन गराउँदा शिक्षक आफू सचेत भई विद्यार्थीहरूलाई आवश्यक पर्ने ठाउँमा निर्देशन गरी विद्यार्थीहरूले गर्ने गल्तीहरू पहिचान गरी आवश्यकताअनुसार दोहोऱ्याएर समेत भनिदिनु पर्दछ ।

श्रुतिलेखन कार्य गराउँदा व्यक्तिगत भाषिक क्षमतागत, वातावरणगत कमजोरीहरू पनि देखा पर्न सक्दछन् । त्यस्ता कमजोरीहरूको निराकरणमा शिक्षक सचेत भए श्रुतिलेखनको स्तर उक्सिन सक्छ । यान्त्रिक उपकरणगत कमजोरी पहिल्याएर त्यसलाई ठीक गर्न सकियो भने श्रुतिलेखन अपेक्षाकृत रूपमा हुन सक्छ ।

### २.४.९ विद्यालय तहमा श्रुतिलेखनको प्रयोजन

लेखाइ सीप विकासको प्रारम्भका रूपमा श्रुतिलेखन विद्यालय तहमा गराउनु अनिवार्य आवश्यकता पनि हो । विशेषगरी विद्यार्थीहरूले ध्यानपूर्वक सुन्ने र सुनेका कुराहरूलाई लिपिबद्ध रूपमा लैजान श्रुतिलेखनले विशेष भूमिका निर्वाह गरेको हुन्छ । श्रुतिलेखन खासगरी विद्यालय तहमा विद्यार्थीहरूलाई शान्त, एकाग्रपूर्वक सुनेर मुख्य मुख्य बुँदाहरू टिप्न सक्ने बानीको विकास गर्ने उद्देश्यमा लागेर समेत प्रयोग गर्न सकिन्छ । श्रुतिलेखन गराउँदा विद्यार्थीहरूमा लेख्यचिह्नको प्रयोग, वर्णविन्यासगत कमजोरी हटेर जानुका साथै भाषिक शुद्धताको विकास, स्पष्ट सफा अक्षर लेख्ने बानीको समेत विकास हुने हुँदा श्रुतिलेखनलाई विद्यालय तहदेखि नै अभ्यास गराउनुपर्दछ । श्रुतिलेखनबाट नै विद्यार्थीहरूले स्पष्टसँग सुन्ने र सुनेका कुराहरू शुद्धसँग लेख्ने सीपको विकास गराउनका लागि विद्यालय तहमा श्रुतिलेखनको अभ्यास गराउनु जरुरी छ । सुनाइको सम्बन्ध मस्तिष्कसँग हुने भएकाले श्रुतिलेखनबाट मानसिक विकास समेत हुने हुँदा

विद्यार्थीहरूलाई श्रुतिलेखन गराउनु आवश्यक छ । श्रुतिलेखन गराउँदा विद्यालय तहदेखि नै गराउनु जरुरी छ । विशेषगरी दिइएका अनुच्छेदहरू शिक्षकले पटक पटक दोहोर्‍याउँदै अभ्यास गराउनाले विद्यार्थीहरूमा ध्यानपूर्वक सुन्न र लेख्न सक्ने सिर्जनात्मक क्षमताको समेत विकास हुने गर्दछ । श्रुतिलेखन गराउँदा विद्यार्थीहरूमा लेखन सीपअन्तर्गत देखिएका समस्याहरू समाधान गर्न सहयोग पुर्‍याउँछ । विद्यार्थीहरूमा सुनेर लेख्न सक्ने क्षमताको विकास गराउन, उपयुक्त हिज्जे, वर्णविन्यासगत लेखन क्षमता विकास गर्न, विद्यार्थीहरूमा ध्यानपूर्वक बोध गरी अभिव्यक्त गर्ने सीपको विकास गराउनका लागि विद्यालय तहमा श्रुतिलेखनको महत्त्व भूमिका रहेको छ ।

# अध्याय तीन

# अध्ययनविधि र प्रक्रिया

कुनै पनि अनुसन्धान गर्नका लागि खास खास विधिहरू अपनाइएको हुन्छ । तसर्थ यस अनुसन्धान प्रस्तावका लागि निम्न विधि र प्रक्रिया अपनाइएको छ :

## ३.१ अध्ययन विधि

कुनै पनि अध्ययनका लागि अपनाइने विभिन्न तौर तरिकालाई विधि भनिन्छ । अध्ययनको अपरिर्हाय तत्त्वका रूपमा विधिलाई लिन सकिन्छ । अनुसन्धान कार्यलाई व्यवस्थित र क्रमबद्ध रूपमा अगाडि बढाउनका लागि कुनै विधि र प्रक्रियालाई उपयोग गरिएको हुन्छ । अनुसन्धानकर्ता स्वयम् समस्याको समाधान गर्नका लागि अनुसन्धान स्थलमा गएर क्षेत्रीय विधिमार्फत् अनुसन्धान गर्नु अनुसन्धान विधिको एउटा रूप हो । गुल्मी जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन प्रत्यक्ष रूपमा विद्यार्थीहरूसँग सम्बन्धित भएकाले विद्यार्थीलाई केन्द्रित गरी क्षेत्रीय विधि र सर्वेक्षण विधिको प्रयोग गरिएको छ ।

## ३.२ अध्ययन प्रक्रिया

शोधपत्र लेखनका क्रममा विभिन्न प्रक्रियालाई अपनाएर अध्ययन गर्नाले अध्ययनको सुनियोजित हुन जान्छ । निश्चित प्रक्रिया अपनाएर अध्ययन गरेमा अध्ययन प्रभावकारी हुन जान्छ । यसरी शोधपत्र लेखनका क्रममा निम्न प्रक्रियाका आधारमा अनुसन्धान गरिएको छ :

### ३.२.१ जनसङ्ख्या र नमुना छनोट

प्रस्तुत अध्ययन गुल्मी जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखनमा आधारित रहेको छ । यस अध्ययन गुल्मी जिल्लाका पाँचवटा सामुदायिक

विद्यालयका १०० जना विद्यार्थीलाई जनसङ्ख्याको रूपमा लिइएको छ । यसरी यस विद्यालयका विद्यार्थीलाई अध्ययनको आधार बनाइएको छ ।

### ३.२.२ प्रतिनिधि नमुना छनोट

प्रतिनिधि नमुनाले पूर्णतः प्रतिनिधित्व गर्नु पर्दछ र जनसङ्ख्याका गुण वा विशेषताहरू त्यस्ता नमुनामा समाहित हुनु पर्दछ । यस अनुसन्धानमा पनि त्यस्तै गरिएको छ । यहाँ गुल्मी जिल्लाका ५ वटा सामुदायकि विद्यालयहरूको चयन गरिएको छ । प्रत्येक विद्यालयबाट छात्र र छात्रा गरी २० जनाका दरले जम्मा १०० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुना छनोटका रूपमा लिइएको छ ।

## ३.३ सामग्री सङ्कलनका स्रोत

सामग्री सङ्कलनका क्रममा खास गरी दुई तरिकाबाट सामग्री सङ्कलन गरिएको छ ।

### ३.३.१ प्राथमिक स्रोत

यस अध्ययनको क्रममा प्राथमिक स्रोत सामग्रीको रूपमा प्रतिनिधि विद्यालयका विद्यार्थी र उनीहरूले लेखेको उत्तर पुस्तिकालाई लिइएको छ । जसअन्तर्गत गुल्मी जिल्लाका ५ वटा सामुदायिक विद्यालयका १०० जना विद्यार्थीहरूबाट निर्धारित शीर्षकको उच्चारण गरी निश्चित पाठ र समयमा श्रुतिलेखन गर्न लगाइएको छ । नमुना जनसङ्ख्याका रूपमा लिएका विद्यार्थीबाट तथ्याङ्क सङ्कलन गरी श्रुतिलेखन क्षमतालाई प्राथमिक तहका विद्यार्थीहरूलाई निश्चित समय र शान्त वातावरणमा गर्न लगाइएको छ ।

### ३.३.२ द्वितीयक स्रोत

प्रस्तुत शोधकार्य तयार पार्ने क्रममा श्रुतिलेखन क्षमताको अध्ययन यस भन्दा अगाडिका वर्षहरूमा अध्ययन अनुसन्धान गरिएका शोधपत्र, विभिन्न पाठ्य सामग्री, पत्रपत्रिका, सन्दर्भ पुस्तकहरूलाई द्वितीयक स्रोतका रूपमा लिइएको छ ।

## ३.४ सामग्री निर्माण

गुल्मी जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको लेखनकलाअन्तर्गत श्रुतिलेखन कार्य गर्ने त्रुटिहरूलाई अध्ययन गर्न कक्षा चारको नेपाली पाठ्पुस्तकका पाठहरूबाट श्रुतिलेखनको लागि दृष्टांश र अदृष्टांश सामग्रीहरूको श्रुतिलेखन अभ्यास गराइएको, छ । उक्त अभ्यासमा विद्यार्थीले गर्ने त्रुटि (जस्तै : चिह्न विराम गति र यतिका आधारमा) विशेष ध्यान गर्ने उद्देश्यले श्रुतिलेखन गर्न लगाइएको छ । यसमा गुल्मी जिल्लाका ५ वटा सामुदायिक विद्यालयका कक्षा चारमा अध्ययनरत १०० जना छात्र छात्राहरूमध्ये ५० जना छात्र र ५० जना छात्राहरूलाई समावेश गरिएको छ ।

## ३.५ तथ्याङ्कको व्याख्या विश्लेषण

विद्यार्थीको लेखाइ सीप विकासका लागि विभिन्न विधिहरूलाई अगाडि ल्याइ वा विभिन्न क्षेत्रसँग सम्बन्धित विद्यार्थीहरूलाई उपभोग गरी विद्याथीहरूको लेखन क्षमतामा विविधता ल्याउन सकिन्छ । यस अध्ययनबाट गुल्मी जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीको श्रुतिलेखन क्षमता पहिचान गर्ने उद्देश्य राखी क्षेत्रीय अध्ययन विधिअनुसार ५ वटा सामुदायिक विद्यालयबाट २०/२० जनाका दरले १०० जना विद्यार्थीलाई अध्ययनका लागि तथ्याङ्क सङ्कलनका रूपमा लिइएको छ । व्याख्या तथा विश्लेषणलाई पूर्णतः वस्तुगत रूप दिन प्रतिशतमा व्यक्त गरी तालिकाकरण गरी मध्यमान र मानक विचलनका आधारमा व्याख्या विश्लेषण गरी स्तम्भ चित्रमा देखाइएको छ । यसरी प्रतिशतमा व्यक्त गरी तालिकीकरण गर्ने क्रममा लिएका परीक्षणबाट निर्धारित मुल्याङकनका आधारहरू मार्फत् मूल्याङकन गरिएको छ । जसमा मूल्याङकन गर्ने क्रममा १० पूर्णाङ्कमध्ये श्रुतिलेखन क्षमता ४ अङ्क, लेखन चिहनको प्रयोग ३ अङ्क र वर्णविन्यासगत त्रुटि ३ अङ्कको आधारमा नतिजा निकालिएको छ । विद्यार्थीले श्रुतिलेखनका क्रममा के कसरी यस्ता तरिकाहरूको प्रयोग गरेका छ भनी मूल्याङ्कनका लागि यस्ता माध्यममार्फत् व्याख्या तथा विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनका क्रममा उपयोगमा ल्याइएका साङ्ख्यिकीय सूत्रहरू निम्नानुसार रहेका छन् :

**(क) प्रतिशत**

$P\ \mathrm{X}\frac{R}{T}$ |१००

$P$ Xप्रतिशत

$R$ X तोकिएको श्रेणी प्राप्ताङ्क ल्याउन सफल विद्यार्थी सङ्ख्या

$T$ X जम्मा विद्यार्थी

**(ख) मध्यमान**

मध्यमान $f\overline{X}A\mathrm{X}\frac{X}{N}$

$\overline{X}$ X मध्यमान

$X$ X प्राप्ताङ्कको योग

$N$ X जम्मा विद्यार्थी सङ्ख्या

**(ग) मानक विचलन**

$f\pm A\mathrm{X}\sqrt{\frac{X^2}{N}}$

± X मानक विचलन

$X^2$ X प्राप्ताङ्कको कुल योगको वर्ग

$N$ X जम्मा विद्यार्थी सङ्ख्या

श्रुतिलेखनका लागि विद्यार्थीहरूलाई ५/५ गरी १० पूर्णाङ्कका दुईवटा प्रश्न दिइएको छ । श्रुतिलेखनको पूर्णाङ्कलाई १०० पूर्णाङ्क मानेर विभाजन गरिएको छ ।

# अध्याय चार

# समग्र विद्यार्थीको श्रुतिलेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययन कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमता पहिल्याउने उद्देश्य राखिएको छ । यस अध्ययनमा गुल्मी जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमतालाई क्षेत्रीय अध्ययन विधिद्वारा पहिचान गरिएको छ । जसलाई समग्र श्रुतिलेखन क्षमता प्रतिशताङ्क, मध्यमान र मानक विचलनमा देखाइएको छ । गुल्मी जिल्लाभित्रका ५ वटा सामुदायिक विद्यालयका १०० जना विद्यार्थीहरूबाट प्राप्त सामग्रीलाई सङ्कलन गरिएको छ । यसरी व्याख्या विश्लेषणका क्रममा श्रुतिलेखन, वर्णविन्यास र लेख्यचिह्न जस्ता तत्त्वलाई आधार मानेर प्रतिशताङ्क मध्यमान र मानक विचलनका आधारमा विश्लेषण गरिएको छ । विश्लेषणका क्रममा समग्र विद्यार्थीको श्रुतिलेखन क्षमता, लैङ्गिकता र भाषिक पृष्ठभूमि जस्ता पक्षहरूको आधारमा श्रुतिलेखन क्षमतामा पाइने भिन्नताको तुलनात्मक अध्ययन गरिएको छ ।

## ४.१ समग्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमता

प्रस्तुत अध्ययनमा समग्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमता हेर्नका लागि विभिन्न आधारहरूलाई प्रयोगमा ल्याइएको छ । ती आधारहरूमा श्रुतिलेखन, वर्णविन्यास र लेख्यचिह्न आदिको आधारमा उत्तरपुस्तिका परीक्षण गरियो त्यही परीक्षणबाट आएको परिणामलाई यसरी व्याख्या गरिएको छ :

### ४.१.१ श्रुतिलेखनका आधारमा

भनेका कुराहरू सुनेका आधारमा नछुटाई लेख्ने विद्यार्थीहरूको सङ्ख्या ८५ जना ( ८५ प्रतिशत) रहेको र भनेका सबै कुराहरू नलेख्ने विद्यार्थीहरूको सङ्ख्या १५ जना (१५ प्रतिशत) रहेका  छन् ।

#### ४.१.२ वर्णविन्यासका आधारमा

वर्णविन्यास शुद्ध लेख्ने विद्यार्थीको सङ्ख्या ६० जना (६० प्रतिशत) र वर्णविन्यास शुद्ध नलेख्ने विद्यार्थीको सङ्ख्या ४० जना (४० प्रतिशत) रहेका छन् ।

#### ४.१.३ लेख्यचिह्नका आधारमा

लेख्यचिह्नको सही प्रयोग गर्ने विद्यार्थी सङ्ख्या ५० जना (५० प्रतिशत) र लेख्यचिह्नको सही प्रयोग नगर्ने विद्यार्थी सङ्ख्या ५० जना (५० प्रतिशत) रहेका छन् ।

सबैभन्दा बढी विद्यार्थी सङ्ख्या श्रुतिलेखन गर्ने ८५ जना (८५ प्रतिशत) रहेका छन् भने सबैभन्दा कम वर्णविन्यास शुद्ध नलेख्ने विद्यार्थी सङ्ख्या ४० जना (४० प्रतिशत) रहेका छन् ।

### ४.२ समग्र विद्यार्थीको श्रुतिलेखन क्षमताको प्रतिशताङ्क

**तालिका नं. १**

**समग्र विद्यार्थीको श्रुतिलेखन क्षमताको प्रतिशताङ्क**

| कुल विद्यार्थी सङ्ख्या | ०–४० सम्म ल्याउने | | ४१–६० सम्म ल्याउने | | ६१–८० सम्म ल्याउने | | ८१ देखि माथि ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ४ | ४ | ३४ | ३४ | ३९ | ३९ | २३ | २३ |


माथिको तालिकाअनुसार समग्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको प्रतिशतका आधारमा विश्लेषण गर्दा छनोट गरिएका कुल विद्यार्थी सङ्ख्या १०० जनालाई उनीहरूको प्राप्ताङ्क प्रतिशतका आधारमा चार श्रेणीमा विभाजन गरिएको छ । जसलाई ०–४० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थीको समूह, ४१–६० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थीको समूह, ६१–८० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी समूह र ८१ देखि माथि अङ्क ल्याउने विद्यार्थीहरूको समूह गरी विभाजन गरिएको छ ।

माथिको तालिकाअनुसार कुल १०० जना विद्यार्थीहरूमध्ये ०–४० अङ्क ल्याउने ४ जना अर्थात् ४ प्रतिशत रहेका छन् भने ४१ देखि ६० अङ्क ल्याउने विद्यार्थी ३४

जना अर्थात् ३४ प्रतिशत रहेका छन् भने ६१ देखि ८० अङ्क ल्याउने विद्यार्थी ३९ जना अर्थात् ३९ प्रतिशत रहेका छन् भने ८१ देखि माथि अङ्क ल्याउने विद्यार्थी २३ जना अर्थात् २३ प्रतिशत रहेका छन् ।

यसरी निम्न श्रेणी मापन गरिएको ० देखि ४० प्रतिशतसम्म श्रुतिलेखन क्षमता मापन भएका विद्यार्थीहरूको सङ्ख्या ४ जना अर्थात् ४ प्रतिशत र अति उच्च श्रेणी निर्धारण गरिएको ८१ देखि माथिसम्म भएका विद्यार्थीहरूको सङ्ख्या २३ जना अर्थात् २३ प्रतिशत हुनुले विद्यार्थीहरूको श्रुतिलेखन क्षमता राम्रो रहेको पाइन्छ । त्यसैगरी मध्यम श्रेणी मापन गरिएको ४१ देखि ६० प्रतिशत श्रुतिलेखन क्षमता मापन भएका विद्यार्थीहरूको सङ्ख्या ३४ अर्थात् ३४ प्रतिशत र उच्च श्रेणी निर्धारण ६१ देखि ८० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ३९ अर्थात् ३९ प्रतिशत हुनुले विद्यार्थीहरूको श्रुतिलेखन क्षमता उच्च रहेको देखिन्छ । समग्रमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमता उच्च रहेको पाइयो । यसरी श्रुतिलेखन क्षमतालाई स्तम्भचित्रमा निम्नानुसार देखाइएको छ :

**स्तम्भचित्र नं. १**



## ४.३ मध्यमान र मानक विचलनको आधारमा समग्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमता

विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा गर्नु आवश्यक भएकाले यहाँ मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

**तालिका नं. २**

**मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमता**

| कुल सङ्ख्या | मध्यमान | मानक विचल | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ६८.८५ | १५.१७ | ५२ | ५२ | ४८ | ४८ |

उपयुक्त तालिकाअनुसार नमुना छनोटमा परेका १०० जना विद्यार्थीहरूको मध्यमान ६८.८५ र मानक विचलन १५.१७ रहेको छ । मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा माथि श्रुतिलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ५२ जना अर्थात् ५२ प्रतिशत रहेको पाइन्छ । मध्यमानभन्दा तल श्रुतिलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ४८ जना अर्थात् ४८ प्रतिशत पाइनुले समग्रमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमता राम्रो रहेको देखिन्छ ।

# अध्याय पाँच

# लैङ्गिकताका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन

लैङ्गिकताका आधारमा पनि विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलना गर्नु आवश्यक छ । यहाँ छात्र र छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । यस क्रममा सुरूमा ती छात्र र छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको छुट्टाछुट्टै अध्ययन गरी त्यसपछि ती दुई लैङ्गिकताका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलना समेत गरिएको छ ।

## ५.१ छात्र र छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमता

प्रस्तुत अध्ययनमा छात्र र छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमता हेर्नका लागि विभिन्न आधारहरू निर्धारण गरिएको छ । ती आधारहरूमा श्रुतिलेखन वर्णविन्यास, लेख्यचिह्न आदिको आधारमा उत्तरपुस्तिका परीक्षण गरियो त्यही परीक्षणबाट आएको परिणामलाई यसरी प्रस्तुत गरिएको छ ।

### ५.१.१ श्रुतिलेखन आधारमा

भनेका आधारमा राम्रोसँग सुनी नछुटाई श्रुतिलेखन गर्ने छात्र विद्यार्थीको सङ्ख्या ४३ (८६ प्रतिशत) रहेको र भनेका आधारमा राम्रोसँग श्रुतिलेखन गर्न नसक्ने छात्र विद्यार्थीको सङ्ख्या ७ जना (१४ प्रतिशत) रहेको छ भने भनेका कुराहरू सुनेर श्रुतिलेखन नगर्ने छात्रा विद्यार्थी सङ्ख्या ८ (१६ प्रतिशत) र श्रुतिलेखन गर्ने क्रममा भनेका सबै कुराहरू लेखन सक्ने छात्रा विद्यार्थी सङ्खया ४२ (८४ प्रतिशत) रहेको छ ।

### ५.१.२ वर्णविन्यासका आधारमा

वर्णविन्यासगत शुद्धतालाई ध्यान दिई श्रुतिलेखन गर्ने छात्र विद्यार्थी सङ्ख्या ३२ (६४ प्रतिशत) र वर्णविन्यासगत शुद्धतामा ध्यान नदिई श्रुतिलेखन गर्ने छात्र विद्यार्थी सङ्ख्या १८ जना (३६ प्रतिशत) रहेको छ भने वर्णविन्यासगत शुद्धतामा ध्यान दिई श्रुतिलेखन गर्ने छात्रा विद्यार्थीहरूको सङ्ख्या २८ जना (५६ प्रतिशत) र वर्णविन्यासगत

शुद्धतामा ध्यान नदिई श्रुतिलेखन गर्ने छात्रा विद्यार्थी सङ्ख्या २२ जना (४४ प्रतिशत) रहेको छ ।

### ५.१.३ लेख्यचिह्नका आधारमा

लेख्यचिह्नहरूको ख्याल गरी श्रुतिलेखन गर्ने छात्र विद्यार्थी सङ्ख्या २९ जना (६८ प्रतिशत) रहेको र लेख्यचिह्न ख्याल नगरी श्रुतिलेखन गर्ने छात्र विद्यार्थी सङ्ख्या २१ जना (४२ प्रतिशत) रहेको छ भने लेख्यचिह्नमा ध्यान दिई श्रुतिलेखन गर्ने छात्रा विद्यार्थी सङ्ख्या २१ जना (४२ प्रतिशत) रहेको र लेख्यचिह्नमा ध्यान नदिई श्रुतिलेखन गर्ने विद्यार्थी सङ्ख्या २९ जना (५८ प्रतिशत) रहेको छ । सबैभन्दा बढी छात्र विद्यार्थी श्रुतिलेखन गर्ने ४३ जना (८६ प्रतिशत) रहेका छन् भने सबैभन्दा कम लेख्यचिह्नमा ध्यान दिई श्रुतिलेखन गर्ने छात्र विद्यार्थी सङ्ख्या २९ जना (५८ प्रतिशत) रहेका छन् । यसैगरी सबैभन्दा बढी छात्रा विद्यार्थी श्रुतिलेखन गर्ने ४२ जना (८४ प्रतिशत) रहेको र सबैभन्दा कम वर्णविन्यासगत शुद्धतामा ध्यान नदिई श्रुतिलेखन गर्ने छात्रा विद्यार्थी २२ जना (४४ प्रतिशत) रहेका छन् ।

## ५.२ छात्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको प्रतिशताङ्क

यस उपशीर्षकमा छात्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन विश्लेषण गरिएको छ । विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तथ्याङ्कलाई सङ्ख्या र प्रतिशतका आधारमा तालिकामा यसप्रकार प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

**तालिका नं. ३**


**छात्र विद्यार्थीको श्रुतिलेखन क्षमताको प्रतिशताङ्क**

| कुल विद्यार्थी सङ्ख्या | ०–४० सम्म ल्याउने | | ४१–६० सम्म ल्याउने | | ६१–८० सम्म ल्याउने | | ८१ देखि माथि ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १ | २ | १८ | ३६ | १९ | ३८ | १२ | २४ |

माथिको तालिकाअनुसार छात्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको प्रतिशतका आधारमा व्याख्या विश्लेषण गर्दा छनोट गरिएको कुल सङ्ख्या ५० जनालाई उनीहरूको प्राप्ताङ्क प्रतिशतका आधारमा चार श्रेणीमा विभाजन गरिएको छ । जसलाई ०–४० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थीको समूह, ४१–६० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थीको समूह, ६१–८० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थीको समूह र ८१ देखि माथि अङ्क ल्याउने विद्यार्थीको समूह गरी विभाजन गरिएको छ । तालिकामा देखाइएअनुसार कुल ५० जना विद्यार्थीहरूमध्ये ० देखि ४० सम्म अङ्क ल्याउने १ जना अर्थात् २ प्रतिशत रहेका छन् भने ४१ देखि ६० प्रतिशतसम्म अङ्क ल्याउने १८ जना अर्थात् ३६ प्रतिशत रहेको पाइन्छ । त्यसैगरी ६१ देखि ८० सम्म अङ्क ल्याउने १९ जना अर्थात् ३८ प्रतिशत रहेका छन् भने ८१ देखि माथि अङ्क ल्याउने १२ अर्थात् २४ प्रतिशत रहेका छन् ।

यसरी निम्न श्रेणी मापन गरिएको ० देखि ४० प्रतिशतसम्म श्रुतिलेखन क्षमता मापन भएका विद्यार्थीहरू १ जना अर्थात् २ प्रतिशत र अति उच्च श्रेणी निर्धारण गरिएको ८१ देखि माथिसम्म श्रुतिलेखन क्षमता मापन भएका विद्यार्थीहरू १२ जना अर्थात् २४ प्रतिशत हुनुले विद्यार्थीहरूको श्रुतिलेखन क्षमता राम्रो रहेको पाइन्छ । त्यसैगरी मध्यम श्रेणी मापन गरिएको ४१ देखि ६० प्रतिशतसम्म श्रुतिलेखन क्षमता मापन भएका विद्यार्थीहरू १८ जना अर्थात् ३६ प्रतिशत र उच्च श्रेणी निर्धारण गरिएको ६१ देखि ८० प्रतिशतसम्म भएका विद्यार्थीहरूको सङ्ख्या १९ जना अर्थात् ३८ प्रतिशत हुनुले विद्यार्थीहरूको श्रुतिलेखन क्षमता उच्च रहेको देखिन्छ । छात्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमता उच्च रहेको पाइयो । यसरी श्रुतिलेखन क्षमतालाई स्तम्भ चित्रमा निम्नानुसार देखाइएको छ :

स्तम्भचित्र नं. २




## ५.३ मध्यमान र मानक विचलनको आधारमा छात्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमता

विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा गर्नु आवश्यक भएकाले यहाँ मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

**तालिका नं. ४**

**मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमता**

| कुल सङ्ख्या | मध्यमान | मानक विचल | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ६८.१ | १४.०६ | २२ | ४४ | २८ | ५६ |

उपयुक्त तालिकाअनुसार नमुना छनोटमा परेका ५० जना विद्यार्थीहरूको मध्यमान ६८.१ र मानक विचलन १४.०६ रहेको छ । मध्यमानलाई आधार मानेर मध्यमानभन्दा

माथि श्रुतिलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २२ जना अर्थात् ४४ प्रतिशत रहेको पाइन्छ भने मध्यमानभन्दा तल श्रुतिलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २८ जना अर्थात् ५६ पाइनुले विद्यार्थीहरूको श्रुतिलेखन मध्यम स्तरको देखिन्छ । तालिकामा छात्र विद्यार्थीहरूको मानक विचलन १४.०६ पाइनुले विद्यार्थीहरूको श्रुतिलेखन क्षमता सन्तुलनमा रहेको छ ।

## ५.४ छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको प्रतिशताङ्क

यस उपशीर्षकमा छात्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन विश्लेषण गरिएको छ । विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तथ्याङ्कलाई सङ्ख्या र प्रतिशतका आधारमा तालिकामा यसप्रकार प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

**तालिका नं. ५**

**छात्रा विद्यार्थीको श्रुतिलेखन क्षमताको प्रतिशताङ्क**


| कुल विद्यार्थी सङ्ख्या | ०–४० सम्म ल्याउने | | ४१–६० सम्म ल्याउने | | ६१–८० सम्म ल्याउने | | ८१ देखि माथि ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ३ | ६ | १६ | ३२ | २० | ४० | ११ | २२ |

माथिको तालिकाअनुसार छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमता प्रतिशतका आधारमा व्याख्या विश्लेषण गर्दा छनोट गरिएको कुल सङ्ख्या ५० जनालाई उनीहरूको प्राप्ताङ्क प्रतिशतका आधारमा चार श्रेणीमा विभाजन गरिएको छ । जसलाई ०–४० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थीको समूह, ४१–६० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थीको समूह, ६१–८० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थीको समूह र ८१ देखि माथि अङ्क ल्याउने विद्यार्थीको समूह गरी विभाजन गरिएको छ । तालिकामा देखाइएअनुसार कुल ५० जना विद्यार्थीहरूमध्ये ० देखि ४० सम्म अङ्क ल्याउने ३ जना अर्थात् ६ प्रतिशत रहेका छन् भने ४१ देखि ६० प्रतिशतसम्म अङ्क ल्याउने १६ जना अर्थात् ३२ प्रतिशत, ६१ प्रतिशतदेखि ८० सम्म अङ्क ल्याउने २० जना अर्थात् ४०

प्रतिशत रहेका छन् भने ८१ देखि माथि अङ्क ल्याउने ११ अर्थात् २२ प्रतिशत रहेका छन् ।

यसरी निम्न श्रेणी मापन गरिएको ० देखि ४० प्रतिशतसम्म श्रुतिलेखन क्षमता मापन भएका विद्यार्थीहरूको सङ्ख्या ३ जना अर्थात् ६ प्रतिशत र अति उच्च श्रेणी निर्धारण गरिएको ८१ देखि माथिसम्म श्रुतिलेखन क्षमता भएका ११ जना अर्थात् २२ प्रतिशत हुनुले विद्यार्थीहरूको श्रुतिलेखन क्षमता उच्च रहेको पाइन्छ । त्यसैगरी मध्यम श्रेणी मापन गरिएको ४० देखि ६१ प्रतिशतसम्म श्रुतिलेखन क्षमता मापन भएका विद्यार्थीहरू १६ जना अर्थात् ३२ प्रतिशत र उच्च श्रेणी मापन गरिएको ६१ देखि ८० प्रतिशतसम्म श्रुतिलेखन क्षमता मापन भएका विद्यार्थीहरू २० जना अर्थात् ४० प्रतिशत हुनुले विद्यार्थीहरूको श्रुतिलेखन क्षमता उच्च रहेको पाइयो । श्रुतिलेखन क्षमतालाई स्तम्भचित्रमा यसरी देखाइएको छ ।

**स्तम्भचित्र नं. ३**



## ५.५ मध्यमान र मानक विचलनको आधारमा छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमता

विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा गर्नु आवश्यक भएकाले यहाँ मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

**तालिका नं. ६**

**मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमता**

| कुल सङ्ख्या | मध्यमान | मानक विचल | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ६९.६ | १६.१५ | ३० | ६० | २० | ४० |

उपयुक्त तालिकाअनुसार नमुना छनोटमा परेका ५० जना विद्यार्थीहरूको मध्यमान ६९.६ र मानक विचलन १६.१५ रहेको छ । मध्यमानलाई आधार मानेर मध्यमानभन्दा माथि श्रुतिलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ३० जना अर्थात् ६० प्रतिशत रहेको पाइन्छ भने मध्यमानभन्दा तल श्रुतिलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २० जना अर्थात् ४० प्रतिशत पाइनुले विद्यार्थीहरूको श्रुतिलेखन राम्रो रहेको देखिन्छ । तालिकामा छात्रा विद्यार्थीहरूको मानक विचलन १६.१५ रहेको छ । यसरी हेर्दा ५० पूर्णाङ्कमा परीक्षण गर्दा मानक विचलन १६.१५ देखिनुले विद्यार्थीहरूको श्रुतिलेखन क्षमता सन्तुलनमा रहेको छ ।

## ५.६ छात्र र छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलना

यस उपशीर्षकमा छात्र र छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक अध्ययन विश्लेषण गरिएको छ । यहाँ छात्र र छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ ।

तालिका नं. ७

छात्र र छात्रा विद्यार्थीको श्रुतिलेखन क्षमताको तुलना


| कुल विद्यार्थी सङ्ख्या | ०–४० सम्म ल्याउने | | ४१–६० सम्म ल्याउने | | ६१–८० सम्म ल्याउने | | ८१ देखि माथि ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| छात्र ५० | १ | २ | १८ | ३६ | १९ | ३८ | १२ | २४ |
| छात्रा ५० | ३ | ६ | १६ | ३२ | २० | ४० | ११ | २२ |

प्रस्तुत तालिकाअनुसार जम्मा १०० जना विद्यार्थीहरूमध्ये ०–४० सम्म अङ्क प्राप्त गर्ने छात्र विद्यार्थीहरू १ जना अर्थात् २ प्रतिशत रहेको छ भने छात्रा विद्यार्थीहरूको सङ्ख्या ३ जना अर्थात् ६ प्रतिशत रहेको छ । त्यसैगरी ४१–६० अङ्क प्राप्त गर्ने छात्र विद्यार्थीहरूको सङ्ख्या १८ जना अर्थात् ३६ प्रतिशत रहेको छ भने छात्रा विद्यार्थीहरूको सङ्ख्या १६ जना अर्थात् ३२ प्रतिशत रहेको छ । त्यसैगरी ६१–८० सम्म अङ्क प्राप्त गर्ने छात्र विद्यार्थीहरूको सङ्ख्या १९ जना ३८ प्रतिशत रहेको छ भने छात्रा विद्यार्थीहरूको सङ्ख्या २० जना अर्थात् ४० प्रतिशत रहेको छ । त्यसैगरी ८१ देखिमाथि अङ्क प्राप्त गर्ने छात्र विद्यार्थीहरूको सङ्ख्या १२ जना अर्थात् २४ प्रतिशत रहेको छ भने छात्रा विद्यार्थीहरूको सङ्ख्या ११ जना अर्थात् २२ प्रतिशत रहेको छ ।

यस तथ्याङ्कको अध्ययन गर्दा निम्न स्तरको अङ्क प्राप्त गर्ने छात्र विद्यार्थीहरूको सङ्ख्या १ जना अर्थात् २ प्रतिशत र छात्रा विद्यार्थीहरूको सङ्ख्या ३ जना अर्थात् ६ प्रतिशत रहेको पाइएकोले छात्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनामा छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमता न्यून स्तरको देखिएको छ । त्यसैगरी मध्यम स्तरको अङ्क प्राप्त गर्ने छात्र विद्यार्थीहरूको सङ्ख्या १८ जना अर्थात् ३६ प्रतिशत र छात्रा विद्यार्थीहरूको सङ्ख्या १६ जना अर्थात् ३२ प्रतिशत रहेको पाइएकाले छात्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनामा छात्रा विद्यार्थीको श्रुतिलेखन क्षमता सन्तुलनमा रहेको छ । त्यसैगरी उच्च स्तरको अङ्क प्राप्त गर्ने छात्र विद्यार्थीहरूको सङ्ख्या १९ जना अर्थात् ३८ प्रतिशत र छात्रा विद्यार्थीहरूको सङ्ख्या २० जना अर्थात् ४० प्रतिशत रहेकाले छात्रा विद्यार्थीको तुलनामा छात्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमता सन्तुलनमा रहेको छ । अति

उच्च स्तरको अङ्क प्राप्त गर्ने छात्र विद्यार्थीहरूको सङ्ख्या १२ जना अर्थात् २४ प्रतिशत र छात्रा विद्यार्थीहरूको सङ्ख्या ११ जना अर्थात् २२ प्रतिशत रहेको पाइएकाले छात्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनामा छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमता सन्तुलनमा रहेको छ ।

**स्तम्भचित्र नं. ४**




## ५.७ मध्यमान र मानक विचलनको आधारमा छात्र र छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमता

यस उपशीर्षकमा छात्र र छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा गरिएको छ । यहाँ मध्यमान र मानक विचलनमा आधारमा छात्र र छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तथ्याङ्कलाई यसप्रकार तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

| विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन |
|---|---|---|
| छात्र ५० | ६८.१ | १४.०६ |
| छात्रा ५० | ६९.६ | १६.१५ |

माथिको तालिकाअनुसार छात्र र छात्रा ५०/५० विद्यार्थी गरी जम्मा विद्यार्थी सङ्ख्या १०० जना रहेकोमा छात्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको मध्यमान ६८.१ रहेको छ भने छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको मध्यमान ६९.६ रहेको छ । छात्र र छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तथ्याङ्कमा देखिएको मध्यमानलाई आधार मानेर हेर्दा छात्रभन्दा छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमतामा १.५ अङ्कले बढी पाइएकाले छात्र विद्यार्थीहरूको तुलनामा छात्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमता राम्रो रहेको देखिन्छ ।

यस तथ्याङ्कअनुसार छात्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमता मानक विचलनलाई आधार मानेर हेर्दा १४.०६ रहेको देखिन्छ भने छात्रा विद्यार्थीहरूको मानक विचलन १६.१५ रहेको छ । यसरी दुवैको मानक विचलनमा २.०९ ले अन्तर पाइनुले छात्र विद्यार्थीहरूको तुलनामा छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमता राम्रो रहेको पाइन्छ ।

## अध्याय छ

# भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन

भाषिक पृष्ठभूमिका आधारमा पनि विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलना गर्नु आवश्यक छ । यहाँ नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । यस क्रममा सुरूमा नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको छुट्टाछुट्टै अध्ययन गरी त्यसपछि ती दुई भाषिक पृष्ठभूमिका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक विश्लेषण समेत गरिएको छ ।

## ६.१ नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमता

प्रस्तुत अध्ययनमा नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमता हेर्नका लागि विभिन्न आधारहरू निर्धारण गरिएको छ । ती आधारहरूमा श्रुतिलेखन वर्णविन्यास, लेख्यचिह्न आदिको आधारमा उत्तरपुस्तिका परीक्षण गरियो त्यही परीक्षणबाट आएको परिणामलाई यसरी प्रस्तुत गरिएको छ ।

### ६.१.१ श्रुतिलेखन आधारमा

भनेका आधारमा राम्रोसँग सुनी नछुटाई श्रुतिलेखन गर्ने नेपाली मातृभाषी विद्यार्थीको सङ्ख्या ३६ (७२ प्रतिशत) रहेको र भनेका कुराहरू सुनेका आधारमा राम्रोसँग श्रुतिलेखन नगर्ने नेपाली मातृभाषी विद्यार्थी सङ्ख्या १४ (२८ प्रतिशत) रहेको छ भने भनेका कुराहरू सुनेका आधारमा बुझी श्रुतिलेखन गर्ने अन्य मातृभाषी विद्यार्थीको सङ्ख्या ३१ (६२ प्रतिशत) रहेको छ । त्यस्तै गरी श्रुतिलेखन राम्रोसँग नगर्ने अन्य मातृभाषी विद्यार्थीको सङ्ख्या १९ जना (३८ प्रतिशत) रहेको छ ।

### ६.१.२ वर्णविन्यासका आधारमा

वर्णविन्यासगत शुद्धतालाई ध्यान दिई श्रुतिलेखन गर्ने नेपाली मातृभाषी विद्यार्थीको सङ्ख्या ३४ (६८ प्रतिशत) र वर्णविन्यासगत शुद्धतामा ध्यान नदिई श्रुतिलेखन गर्ने नेपाली मातृभाषी विद्यार्थीको सङ्ख्या १६ जना (३२ प्रतिशत) रहेको छ भने

वर्णविन्यासगत शुद्धतामा ध्यान दिने अन्य मातृभाषी विद्यार्थीको सङ्ख्या २२ जना (४४ प्रतिशत) र वर्णविन्यासगत शुद्धतामा ध्यान नदिने अन्य मातृभाषी विद्यार्थीको सङ्ख्या २८ जना (५६ प्रतिशत) रहेको छ ।

### ६.१.३ लेख्यचिह्नका आधारमा

लेख्यचिह्नहरूको ख्याल गरी श्रुतिलेखन गर्ने नेपाली मातृभाषी विद्यार्थी सङ्ख्या २८ जना (५६ प्रतिशत) रहेको र लेख्यचिह्न ख्याल नगरी श्रुतिलेखन गर्ने नेपाली मातृभाषी विद्यार्थी सङ्ख्या २२ जना (४४ प्रतिशत) रहेको छ भने लेख्यचिह्नमा ध्यान दिई श्रुतिलेखन गर्ने अन्य मातृभाषी विद्यार्थीको सङ्ख्या १९ जना (३८ प्रतिशत) रहेको र लेख्यचिह्नमा ध्यान नदिई श्रुतिलेखन गर्ने अन्य मातृभाषी विद्यार्थी सङ्ख्या ३१ जना (६२ प्रतिशत) रहेको छ । सबैभन्दा बढी नेपाली मातृभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमता ३६ जना (७२ प्रतिशत) रहेका छन् भने सबैभन्दा बढी अन्य मातृभाषी विद्यार्थी सङ्ख्या २८ जना (५६ प्रतिशत) वर्णविन्यासगत शुद्धतामा ध्यान नदिई श्रुतिलेखन गर्ने रहेका पाइयो ।

## ६.२ नेपाली मातृभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमता

यस उपशीर्षकमा नेपाली मातृभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन विश्लेषण गरिएको छ । विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तथ्याङ्कलाई सङ्ख्या र प्रतिशतका आधारमा तालिकामा यसप्रकार प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

**तालिका नं. ९**

**नेपाली मातृभाषी विद्यार्थीको श्रुतिलेखन क्षमताको प्रतिशताङ्क**


| कुल विद्यार्थी सङ्ख्या | ०–४० सम्म ल्याउने | | ४१–६० सम्म ल्याउने | | ६१–८० सम्म ल्याउने | | ८१ देखि माथि ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | – | – | ७ | १४ | २६ | ५२ | १७ | ३४ |

माथिको तालिकाअनुसार नेपाली मातृभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको प्रतिशतका आधारमा व्याख्या विश्लेषण गर्दा छनोट गरिएको कुल सङ्ख्या ५० जनालाई उनीहरूको प्राप्ताङ्क प्रतिशतका आधारमा चार श्रेणीमा विभाजन गरिएको छ । जसलाई ०–४० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थीको समूह, ४१–६० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थीको समूह, ६१–८० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थीको समूह र ८१ देखि माथि अङ्क ल्याउने विद्यार्थीको समूह गरी विभाजन गरिएको छ ।

माथिको तालिकाअनुसार कुल ५० जना विद्यार्थीहरूमध्ये ० देखि ४० सम्म अङ्क ल्याउने ल्याउने शून्य रहेको छ भने ४१ देखि ६० प्रतिशतसम्म अङ्क ल्याउने ७ जना अर्थात् १४ प्रतिशत रहेको पाइन्छ । त्यसैगरी ६१ देखि ८० सम्म अङ्क ल्याउने २६ जना अर्थात् ५२ प्रतिशत रहेका छन् भने ८१ देखि माथि अङ्क ल्याउने १७ अर्थात् ३४ प्रतिशत रहेका छन् ।

यसरी निम्न श्रेणी मापन गरिएको ० देखि ४० प्रतिशतसम्म श्रुतिलेखन क्षमता मापन भएका विद्यार्थीहरू शून्य रहेको छ र अतिउच्च श्रेणी निर्धारण गरिएको ८१ देखि माथिसम्म श्रुतिलेखन क्षमता मापन भएका विद्यार्थीहरू १७ जना अर्थात् ३४ प्रतिशत हुनुले विद्यार्थीहरूको श्रुतिलेखन क्षमता उच्च रहेको पाइन्छ । त्यसैगरी मध्यम श्रेणी मापन गरिएको ४१ देखि ६० प्रतिशतसम्म श्रुतिलेखन क्षमता मापन भएका विद्यार्थीहरू ७ जना अर्थात् १४ प्रतिशत र उच्च श्रेणी निर्धारण गरिएको ६१ देखि ८० प्रतिशतसम्म भएका विद्यार्थीहरूको सङ्ख्या २६ जना अर्थात् ५२ प्रतिशत हुनुले विद्यार्थीहरूको श्रुतिलेखन क्षामता उच्च रहेको देखिन्छ । यसरी श्रुतिलेखन क्षमतालाई स्तम्भ चित्रमा निम्नानुसार देखाइएको छ :

स्तम्भचित्र नं. ५




## ६.३ मध्यमान र मानक विचलनको आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमता

विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा गर्नु आवश्यक भएकाले यहाँ मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

**तालिका नं. १०**

**मध्यमान र मानक विचलनका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमता**

| कुल सङ्ख्या | मध्यमान | मानक विचल | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ७५.७ | ११.९२ | २४ | ४८ | २६ | ५२ |

उपयुक्त तालिकाअनुसार नमुना छनोटमा परेका ५० जना विद्यार्थीहरूको मध्यमान ७५.७ र मानक विचलन ११.९२ रहेको छ । मध्यमानलाई आधार मानेर मध्यमानभन्दा माथि श्रुतिलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २४ जना अर्थात् ४८ प्रतिशत रहेको पाइन्छ भने मध्यमानभन्दा तल श्रुतिलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २६ जना अर्थात् ५२ पाइनुले नेपाली मातृभाषी विद्यार्थीहरूको श्रुतिलेखन सन्तुलनमा रहेको देखिन्छ ।

माथिको तालिकामा नेपाली मातृभाषी विद्यार्थीहरूको मानक विचलन ११.९२ रहेको छ । यसरी हेर्दा ५० पूर्णाङ्कमा परीक्षण गर्दा मानक विचलन ११.९२ देखिनुले विद्यार्थीहरूको श्रुतिलेखन क्षमता राम्रो रहेको छ ।

## ६.४ अन्य मातृभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमता

यस उपशीर्षकमा अन्य मातृभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन विश्लेषण गरिएको छ । विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तथ्याङ्कलाई सङ्ख्या र प्रतिशतका आधारमा तालिकामा यसप्रकार प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

**तालिका नं. ११**

**अन्य मातृभाषी विद्यार्थीको श्रुतिलेखन क्षमताको प्रतिशताङ्क**

| कुल विद्यार्थी सङ्ख्या | ०–४० सम्म ल्याउने | | ४१–६० सम्म ल्याउने | | ६१–८० सम्म ल्याउने | | ८१ देखि माथि ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ४ | ८ | २७ | ५४ | १३ | २६ | ६ | १२ |


माथिको तालिकाअनुसार अन्य मातृभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको प्रतिशतका आधारमा व्याख्या विश्लेषण गर्दा छनोट गरिएको कुल सङ्ख्या ५० जनालाई उनीहरूको प्राप्ताङ्क प्रतिशतका आधारमा चार श्रेणीमा विभाजन गरिएको छ । जसलाई ०–४० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थीको समूह, ४१–६० प्रतिशतसम्म अङ्क

ल्याउने विद्यार्थीको समूह, ६१–८० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थीको समूह र ८१ देखि माथि अङ्क ल्याउने विद्यार्थीको समूह गरी विभाजन गरिएको छ ।

माथिको तालिकाअनुसार कुल ५० जना विद्यार्थीहरूमध्ये ० देखि ४० सम्म अङ्क ल्याउने ४ जना अर्थात् ८ प्रतिशत रहेका छन् भने ४१ देखि ६० प्रतिशतसम्म अङ्क ल्याउने २७ जना अर्थात् ५४ प्रतिशत, ६१ प्रतिशतदेखि ८० सम्म अङ्क ल्याउने १३ जना अर्थात् २६ प्रतिशत रहेका छन् भने ८१ देखि माथि अङ्क ल्याउने ६अर्थात् १२ प्रतिशत रहेका  छन् ।

यसरी निम्न श्रेणी मापन गरिएको ० देखि ४० प्रतिशतसम्म श्रुतिलेखन क्षमता मापन भएका विद्यार्थीहरूको सङ्ख्या ४ जना अर्थात् ८ प्रतिशत र अति उच्च श्रेणी निर्धारण गरिएको ८१ देखि माथिसम्म श्रुतिलेखन क्षमता भएका ६ जना अर्थात् १२ प्रतिशत हुनुले विद्यार्थीहरूको श्रुतिलेखन क्षमता उच्च रहेको पाइन्छ । त्यसैगरी मध्यम श्रेणी मापन गरिएको ४१ देखि ६० प्रतिशतसम्म श्रुतिलेखन क्षमता मापन भएका विद्यार्थीहरू २७ जना अर्थात् ५४ प्रतिशत र उच्च श्रेणी मापन गरिएको ६१ देखि ८० प्रतिशतसम्म श्रुतिलेखन क्षमता मापन भएका विद्यार्थीहरू १३ जना अर्थात् २६ प्रतिशत हुनुले विद्यार्थीहरूको श्रुतिलेखन क्षमता मध्यम स्तरको रहेको देखिन्छ । अन्य मातृभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन गर्दा मध्यम स्तरको पाइयो । यसरी अन्य मातृभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमतालाई स्तम्भचित्रमा देखाइएको छ ।

स्तम्भचित्र नं. ६




## ६.५ मध्यमान र मानक विचलनको आधारमा अन्य मातृभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमता

विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा गर्नु आवश्यक भएकाले यहाँ मध्यमान र मानक विचलनका आधारमा अन्य मातृभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

**तालिका नं. १२**

**मध्यमान र मानक विचलनका आधारमा अन्य मातृभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमता**

| कुल सङ्ख्या | मध्यमान | मानक विचल | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ६२ | १४.९७ | १९ | ३८ | ३१ | ६२ |

उपयुक्त तालिकाअनुसार नमुना छनोटमा परेका ५० जना विद्यार्थीहरूको मध्यमान ६२ र मानक विचलन १४.९७ रहेको छ । मध्यमानलाई आधार मानेर मध्यमानभन्दा माथि श्रुतिलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १९ जना अर्थात् ३८ प्रतिशत रहेको पाइन्छ भने मध्यमानभन्दा तल श्रुतिलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ३१ जना अर्थात् ६२ पाइनुले विद्यार्थीहरूको श्रुतिलेखन मध्यम खालको देखिन्छ ।

माथिको तालिकामा अन्य मातृभाषी विद्यार्थीहरूको मानक विचलन १४.९७ रहेको छ । यसरी हेर्दा ५० पूर्णाङ्कको परीक्षण गर्दा मानक विचलन १४.९७ देखिनुले विद्यार्थीहरूको श्रुतिलेखन क्षमता मध्यम खालको रहेको पाइन्छ ।

## ६.६ नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलना

यस उपशीर्षकमा नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन विश्लेषण गरिएको छ । यहाँ नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ ।

**तालिका नं. १३**

**नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीको श्रुतिलेखन क्षमताको तुलना**


| कुल विद्यार्थी सङ्ख्या | ०–४० सम्म ल्याउने | | ४१–६० सम्म ल्याउने | | ६१–८० सम्म ल्याउने | | ८१ देखि माथि ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| नेपाली मातृभाषी ५० | – | – | ७ | १४ | २६ | ५२ | १७ | ३४ |
| अन्य मातृभाषी ५० | ४ | ८ | २७ | ५४ | १३ | २६ | ६ | १२ |

प्रस्तुत तालिकाअनुसार जम्मा १०० जना विद्यार्थीहरूमध्ये ०–४० सम्म अङ्क प्राप्त गर्ने नेपाली मातृभाषी विद्यार्थीहरू शून्य रहेको छ भने अन्य मातृभाषी

विद्यार्थीहरूको सङ्ख्या ४ जना अर्थात् ८ प्रतिशत रहेको छ । त्यसैगरी ४१–६० अङ्क प्राप्त गर्ने नेपाली मातृभाषी विद्यार्थीहरूको सङ्ख्या ७ जना अर्थात् १४ प्रतिशत रहेको छ भने अन्य मातृभाषी विद्यार्थीहरूको सङ्ख्या २७ जना अर्थात् ५४ प्रतिशत रहेको छ । त्यसैगरी ६१–८० सम्म अङ्क प्राप्त गर्ने नेपाली मातृभाषी विद्यार्थीहरूको सङ्ख्या २६ जना ५२ प्रतिशत रहेको छ भने अन्य मातृभाषी विद्यार्थीहरूको सङ्ख्या १३ जना अर्थात् २६ प्रतिशत रहेको छ । त्यसैगरी ८१ देखिमाथि अङ्क प्राप्त गर्ने नेपाली मातृभाषी विद्यार्थीहरूको सङ्ख्या १७ जना अर्थात् ३४ प्रतिशत रहेको छ भने अन्य मातृभाषी विद्यार्थीहरूको सङ्ख्या ६ जना अर्थात् १२ प्रतिशत रहेको छ ।

यस तथ्याङ्कको अध्ययन गर्दा निम्न स्तरको अङ्क प्राप्त गर्ने नेपाली मातृभाषी विद्यार्थीहरूको सङ्ख्या शून्य र अन्य मातृभाषी विद्यार्थीहरूको सङ्ख्या ४ जना अर्थात् ८ प्रतिशत रहेको पाइएकोले छात्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनामा अन्य मातृभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमता न्यून स्तरको देखिएको छ । त्यसैगरी मध्यम स्तरको अङ्क प्राप्त गर्ने नेपाली मातृभाषी विद्यार्थीहरूको सङ्ख्या ७ जना अर्थात् १४ प्रतिशत र अन्य मातृभाषी विद्यार्थीहरूको सङ्ख्या २७ जना अर्थात् ५४ प्रतिशत रहेको पाइएकाले नेपाली मातृभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनामा अन्य मातृभाषी विद्यार्थीको श्रुतिलेखन क्षमता राम्रो रहेको छ । त्यसैगरी उच्च स्तरको अङ्क प्राप्त गर्ने नेपाली मातृभाषी विद्यार्थीहरूको सङ्ख्या २६ जना अर्थात् ५२ प्रतिशत रहेको छ भने अन्य  अन्य मातृभाषी विद्यार्थीको सङ्ख्या १३ जना अर्थात् २६ प्रतिशत रहेकाले अन्य मातृभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनामा नेपाली मातृभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमता राम्रो रहेको छ । अति उच्च स्तरको अङ्क प्राप्त गर्ने नेपाली मातृभाषी विद्यार्थीहरूको सङ्ख्या १७ जना अर्थात् ३४ प्रतिशत र अन्य मातृभाषी विद्यार्थीहरूको सङ्ख्या ६ जना अर्थात् १२ प्रतिशत रहेको पाइएकाले नेपाली मातृभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनामा अन्य मातृभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमता राम्रो देखिँदैन ।

स्तम्भचित्र नं. ७




## ६.७ मध्यमान र मानक विचलनको आधारमा नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमता

यस उपशीर्षकमा नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा गरिएको छ । यहाँ मध्यमान र मानक विचलनमा आधारमा नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तथ्याङ्कलाई यसप्रकार तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

| विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन |
|---|---|---|
| नेपाली मातृभाषी ५० | ७५.७ | ११.९२ |
| अन्य मातृभाषी ५० | ६२ | १४.९७ |

माथिको तालिकाअनुसार नेपाली मातृभाषी र अन्य मातृभाषी ५०/५० विद्यार्थी गरी जम्मा विद्यार्थी सङ्ख्या १०० जना रहेकोमा नेपाली मातृभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको मध्यमान ७५.७ रहेको छ भने अन्य मातृभाषी विद्यार्थीहरूको

श्रुतिलेखन क्षमताको मध्यमान ६२ रहेको छ । नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तथ्याङ्कमा देखिएको मध्यमानलाई आधार मानेर हेर्दा नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमतामा १३.७ अङ्क कम पाइएकाले अन्य मातृभाषी विद्यार्थीहरूको तुलनामा नेपाली मातृभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमता राम्रो रहेको देखिन्छ ।

यस तथ्याङ्कअनुसार नेपाली मातृभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमता मानक विचलनलाई आधार मानेर हेर्दा ११.९२ रहेको देखिन्छ भने अन्य मातृभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमता मानक विचलनलाई आधार मानेर हेर्दा १४.९७ रहेको छ । यसरी दुवैतर्फको मानक विचलनमा ३.०४ ले अन्तर पाइनुले अन्य मातृभाषी विद्यार्थीहरूको तुलनामा नेपाली मातृभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमता उच्च रहेको पाइन्छ ।

## अध्याय सात

# सारांश, निष्कर्ष र उपयोगिता

## ७.१ सारांश

भाषा विचार विनिमयको प्रभावकारी साधन हो । भाषाका चार सीपहरू (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) मध्ये भाषाको प्रारम्भिक सीपका रूपमा सुनाइ सीपलाई लिइएको छ । श्रुतिलेखन विद्यालयको तल्लो तहदेखि माथिल्लो तहसम्मका विद्यार्थीहरूलाई लेखाइ सीपको विकास गराउने प्रभावकारी माध्यमका रूपमा लिइन्छ । श्रुतिलेखन गराउँदा कुनै पनि शीर्षक वा विषयवस्तुलाई उच्चारण गरेका आधारमा सुनेर बुझी सोही आधारमा लेखन सीपको अभिवृद्धि गराउने अभिप्रायले श्रुतिलेखन गराइन्छ । भनेका कुराहरूलाई आँखा, कान र हातको कुशल संयोजन मिलाई शान्त वातावरणमा एकाग्र भई सुनी सोही आधारमा लेखन सीपको विकास गराउनु नै श्रुतिलेखनको मुख्य ध्येय हो ।

यस अध्ययनमा उल्लेख भएका उद्देश्यहरू पूरा गर्नका लागि गुल्मी जिल्लाका कक्षा चारमा अध्ययनरत ५ वटा सामुदायिक विद्यालयका १०० जना विद्यार्थीहरूलाई नमुना छनोटका रूपमा लिइएको छ । यसरी ५ वटा सामुदायिक विद्यालयका १०० जना विद्यार्थीहरूलाई छनोट गरी तिनीहरूलाई श्रुतिलेखन गराएर तथ्याङ्कशास्त्रीय आधारमा तिनीहरूको क्षमता निर्धारण यस शोधपत्रमा गरिएको छ । यस अध्ययनका उद्देश्यहरू गुल्मी जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमता पहिचान गर्नु, लैङ्गिक पृष्ठभूमिका आधारमा श्रुतिलेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु र भाषिक पृष्ठभूमिका दृष्टिले विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक अध्ययन यस शोधपत्रमा गरिएको छ । समग्रमा कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमता राम्रो रहेको पाइयो । छात्र र छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमता सन्तुलनमा रहेको पाइयो । यसैगरी अन्य मातृभाषी विद्यार्थीहरूको भन्दा नेपाली मातृभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमता राम्रो रहेको पाइयो ।

यसरी यस शोधपत्रको अध्याय एकमा शोध परिचयअन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्याकथन, अध्ययनको उद्देश्य, अध्ययनको औचित्य, अध्ययनको सीमाङ्कन र शोधपत्रको रूपरेखा समावेश गरिएको छ ।

अध्याय दुईमा पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणाअन्तर्गत पूर्वकार्यको समीक्षा, पुस्तक समीक्षा, शोधकार्यको समीक्षा, पूर्व अध्ययनको महत्त्व र सैद्धान्तिक अवधारणामा परिचय, श्रुतिलेखनका प्रकार, श्रुतिलेखनका कार्यकलाप, श्रुतिलेखनमा विद्यार्थीले त्रुटि गर्ने क्षेत्रहरू, श्रुतिलेखन गराउँदा ध्यान दिनुपर्ने कुराहरू, श्रुतिलेखनसम्बन्धी कमजोरीको निराकरणका उपायहरू, लेखाइ सीप र श्रुतिलेखन, विद्यालय तहमा श्रुतिलेखनको प्रयोजन समावेश गरिएको छ ।

अध्याय तीनमा अध्ययन विधि र प्रक्रियाअन्तर्गत अध्ययन विधि, अध्ययन प्रक्रिया, जनसङ्ख्या र नमुना छनोट, प्रतिनिधि नमुना छनोट, सामग्री सङ्कलनका स्रोतहरू, सामग्री निर्माण र तथ्याङ्कको विश्लेषण रहेको छ ।

अध्याय चारमा समग्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन, अध्याय पाँचमा लैङ्गिकताको आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन, अध्याय छमा भाषिक पृष्ठभूमिको आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन र अध्याय सातमा सारांश, निष्कर्ष र उपयोगिता समावेश गरिएको छ ।

## ७.२ निष्कर्ष

सम्पूर्ण विद्यार्थीहरूको श्रुतिलेखन क्षमतालाई चार श्रेणीमा विभाजन गरी अध्ययन गर्दा सबैभन्दा तल्लो श्रेणीमा ४ प्रतिशत र सबैभन्दा माथिल्लो श्रेणीमा २३ प्रतिशत विद्यार्थी रहेकाले गुल्मी जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमता राम्रो रहेको पाइन्छ । समग्र विद्यार्थीहरूको मध्यमानका आधारमा श्रुतिलेखन क्षमताको मापन गर्दा मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने सङ्ख्या ५२ प्रतिशत र

मध्यमानभन्दा तल अङ्क प्राप्त गर्ने सङ्ख्या ४८ प्रतिशत रहनुले विद्यार्थीहरूको श्रुतिलेखन क्षमता उच्च रहेको पाइन्छ ।

लैङ्गिकताका आधारमा अध्ययन गर्दा छात्र विद्यार्थीहरू सबैभन्दा तल्लो श्रेणीमा २ प्रतिशत र सबैभन्दा माथिल्लो श्रेणीमा २४ प्रतिशत रहेको देखिन्छ । मध्यमानको आधारमा छात्र विद्यार्थीहरू मध्यमानभन्दा माथि ४४ प्रतिशत र मध्यमानभन्दा तल ५६ प्रतिशत रहेकाले छात्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमता त्यति राम्रो मान्न सकिँदैन ।

लैङ्गिकताका आधारमा छात्रा विद्यार्थीहरू सबैभन्दा तल्लो श्रेणीमा ६ प्रतिशत र सबैभन्दा माथिल्लो श्रेणीमा २२ प्रतिशत रहेको पाइन्छ । मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा माथि ६० प्रतिशत र मध्यमानभन्दा तल ४० प्रतिशत रहेको छ । मध्यमानलाई आधार मानेर हेर्दा छात्र र छत्रा विद्यार्थीहरको श्रुतिलेखन क्षमता सन्तुलनमा रहेको पाइन्छ ।

भाषिक पृष्ठभूमिका आधारमा अध्ययन गर्दा नेपाली मातृभाषी सबैभन्दा तल्लो श्रेणीमा शून्य प्रतिशत र माथिल्लो श्रेणीमा ३४ प्रतिशत रहेको पाइन्छ । मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा माथि ४८ प्रतिशत र मध्यमानभन्दा तल ५२ प्रतिशत रहेको पाइन्छ ।

भाषिक पृष्ठभूमिका आधारमा अन्य मातृभाषी विद्यार्थी सबैभन्दा तल्लो श्रेणीमा ८ प्रतिशत र माथिल्लो श्रेणीमा १२ प्रतिशत रहेको पाइन्छ । मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा माथि ३८ प्रतिशत र मध्यमानभन्दा तल ६२ प्रतिशत रहेको पाइन्छ ।

भाषिक पृष्ठभूमिका आधारमा गुल्मी जिल्लाका कक्षा चारमा अध्ययनरत अन्य मातृभाषी विद्यार्थीहरूको भन्दा नेपाली मातृभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमता उच्च रहेको पाइन्छ ।

- कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययनबाट निम्नानुसारको निष्कर्ष निकाल्न सकिन्छ :

- समग्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमता राम्रो रहेको पाइन्छ ।
- लैङ्गिकताका आधारमा व्याख्या विश्लेषण गर्दा छात्र र छात्रा विद्यार्थीहरूको श्रुतिलेखन क्षमता सन्तुलनमा रहेको छ ।
- भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमता विश्लेषण गर्दा अन्य मातृभाषी विद्यार्थीहरूको तुलनामा नेपाली मातृभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमता उच्च रहेको छ ।

## ७.३ उपयोगिता

भाषाका चार सीपहरूमध्ये लेखाइ सीप महत्त्वपूर्ण सीप हो । लेखाइ सीपअन्तर्गत श्रुतिलेखन क्षमतालाई विशिष्ट कार्यकलापका रूपमा लिइन्छ । श्रुतिलेखन क्षमताले भाषिक सीपसँग सोझो सम्बन्ध राख्दछ । भाषाका चारवटै सीपहरू एकआपसमा अन्तरसम्बन्धित हुन्छन् । भाषिक सीपहरूलाई अलग्याएर शिक्षण गर्दा यिनीहरूको केही पनि अस्तित्व रहँदैन । लेखाइ सीप भाषाको प्रदानात्मक सीप हो । जसले विचारको सम्प्रेषण गर्दछ । श्रुतिलेखनका माध्यमबाट विद्यार्थीहरूको बोध क्षमता बुझी सोही आधारमा अभिव्यक्ति क्षमताको स्तर थाहा पाउन सकिन्छ । लेखन सीप विकासको महत्त्वपूर्ण कार्यकलाप श्रुतिलेखन हो । श्रुतिलेखनका माध्यमबाट विद्यार्थीहरूले गर्ने व्याकरणात्मक, वर्णविन्यासगत लेख्यचिह्न बोध क्षमता आदिको मूल्याङ्कन गरी सोही आधारमा ती त्रुटिहरूको निराकरण गर्नका लागि श्रुतिलेखनले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

अतः कुनै पनि अध्ययन अनुसन्धानको आफ्नै किसिमको महत्त्व र उपयोगिता रहेको हुन्छ । कुनै पनि शोधकर्ताले जुनसुकै विषयमा खोज अनुसन्धान गरी सकेपछि निष्कर्षमा पुग्दछन् । त्यसैले प्रस्तुत अध्ययन स्थानीय परिवेश हुँदै राष्ट्रिय स्तरसम्म महत्त्वपूर्ण हुन सक्छ । तसर्थ कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययनलाई नीतिगत र प्रयोगगत उपयोगिता गरी छुट्टाछुट्टै उल्लेख गर्नु उपयुक्त हुने भएकाले तल प्रस्तुत गरिएको छ ।

### ७.३.१ नीतिगत उपयोगिता

- प्रस्तुत अध्ययन विद्यालय तहका पाठ्यपुस्तकमा निर्माण गर्दा विद्यार्थीहरूको क्षमता र आवश्यकतालाई ध्यानमा राखी श्रुतिलेखन कार्यलाई पाठ्यक्रममा उचित व्यवस्था गरी समावेश गर्न सहयोग पुऱ्याउँछ ।
- प्रस्तुत अध्ययनले विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको मूल्याङ्कन गरी कक्षा शिक्षणमा थप सहयोग गर्न मद्दत पुऱ्याउँछ ।
- यस अध्ययनबाट श्रवणीय दृष्टिले पुस्तकको कठिनाइ स्तर मापन गर्नका लागि थप सहयोग पुऱ्याउँछ ।
- व्यावहारिक लेखन सीपको महत्त्वलाई थप सहयोग पुऱ्याउँछ ।
- प्रस्तुत अध्ययनले नेपाली भाषा शिक्षण गर्ने शिक्षक र शिक्षिकालाई थप मद्दत पुऱ्याउँदछ ।
- विद्यार्थीहरूको क्षमता स्तरअनुसार उनीहरूको मनोविज्ञान बुझी सोहीअनुसार शिक्षण गर्न थप सहयोग पुग्नेछ ।
- यस अध्ययनले लेखाइ सीप विकासका लागि आवश्यक आधार प्रदान गर्न थप मद्दत पुऱ्याउँछ ।
- यस अध्ययनले भाषिक सीपका विविध पक्षहरूमा थप अनुसन्धान गर्ने आधार निर्माण गर्न सहयोग पुऱ्याउँछ ।

### ७.३.२ प्रयोगगत उपयोगिता

- प्रस्तुत अध्ययनले विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको पहिचान गरी कक्षा शिक्षणमा सहयोग पुऱ्याउने छ ।
- श्रुतिलेखनका लागि विद्यार्थीहरूलाई व्यावहारिक लेखन सीप विकासमा सहयोग पुऱ्याउने छ ।

- शिक्षक विद्यार्थी दुवै पक्षलाई लेखनसम्बन्धी देखा परेका विविध समस्याहरूको पहिचान गरी निराकरण गर्न सहयोग पुऱ्याउने छ ।
- लेखाइका क्रममा विद्यार्थीहरूले गर्ने भाषिक त्रुटिहरूको पहिचान गरी कक्षा शिक्षणलाई सहज रूपमा सञ्चालन गर्न सहयोग पुऱ्याउने छ ।
- विद्यार्थीहरूको रुचि, क्षमता र स्तरअनुसार शिक्षण गर्न सहयोग गर्नेछ ।
- भाषा शिक्षणसम्बन्धी क्रियाकलापलाई व्यावहारिक उद्देश्यमूलक बनाउन सहयोग गर्नेछ ।

## ७.४ भावी अनुसन्धानका शीर्षक

गुल्मी जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन शीर्षकमा रहेर गुल्मी जिल्लाका कक्षा चारमा अध्ययनरत समग्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमता पत्ता लगाउनु, लैङ्गिकताका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु र भाषिक पृष्ठभूमिका दृष्टिले विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु उद्देश्यमा यो शोधपत्र तयार पारिएको छ । अन्य लेखन क्षमतासम्बन्धी निम्नानुसारको शीर्षकमा शोधपत्र तयार पार्न सकिन्छ ।

- गुल्मी जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको निवेदनलेखन क्षमताको अध्ययन,
- गुल्मी जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन,
- गुल्मी जिल्लाका कक्षा तीनमा अध्ययनरत विद्यार्थीहरूको चिठीलेखन क्षमताको अध्ययन ।

# सन्दर्भ सामग्री


अधिकारी, विष्णुप्रसाद (२०७३), *माध्यमिक शिक्षक स्रोत सामग्री,* काठमाडौँ : आशिष बुक्स हाउस प्रा.लि. ।

अधिकारी, सुस्मा (२०६८), 'कक्षा आठमा अध्ययनरत दृष्टियुक्त र दृष्टिविहीन विद्यार्थीको श्रुतिबोध क्षमताको तुलनात्मक अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

अधिकारी, हेमाङ्गराज (२०६५), *नेपाली भाषा शिक्षण, काठमाडौँ :* विद्यार्थी पुस्तक भण्डार ।

घिमिरे, सम्झना (२०६५), 'गुल्मी जिल्लाका कक्षा बाह्रमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन,' स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

ढकाल, शान्तिप्रसाद (२०६७), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौँ : शुभकामना प्रकाशन प्रा.लि ।

नेपाल, इन्द्रप्रसाद (२०६७), 'कक्षा छ पुरा गरेका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पोखेल, मेनुका देवी (२०७३), 'कक्षा तिनमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पोखेल, सीता (२०७३), 'कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पौडेल, विजया (२०७४), 'कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पौडेल, तीर्थराज (२०६५), 'कक्षा नौ पुरा गरेका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पौडेल, माधवप्रसाद (२०७०), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

बन्धु, चुडामणि (२०७०), *अनुसन्धान तथा प्रतिवेदन लेखन,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

भण्डारी, पारसमणि (२०७४), *प्राज्ञिक लेखन तथा सम्पादन,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, रेनुका (२०६६), 'कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन,' स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

मिश्र, बिमल (२०७३), 'इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमताको अध्ययन,' स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

शर्मा, केदारप्रसाद र पौडेल माधवप्रसाद (२०६८), *नेपाली भाषा शिक्षणका सन्दर्भहरू,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

सुवेदी, कृष्णप्रसाद (२०७३), 'काठमाडौँ जिल्लाको कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको शुभकामना लेखन क्षमताको अध्ययन,' स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

# परिशिष्ट क

## तथ्याङ्क सङ्कलनका लागि छनोट गरिएका विद्यालय

**सामुदायिक विद्यालय**

१. श्री शारदा माध्यमिक विद्यालय अमर अर्वाथोक ५, गुल्मी

२. श्री पूर्णिमा प्राथमिक विद्यालय दरबार देवीस्थान ६, गुल्मी

३. श्री हटिया प्राथमिक विद्यालय अमर अर्वाथोक ६, तल्लो हटिया

४. श्री गंगा निम्नमाध्यमिक विद्यालय दरबार देवीस्थान ८, गुल्मी

५. श्री ठूलो पोखरा निम्नमाध्यमिक विद्यालय दरबार देवीस्थान–३, चारपाल गुल्मी

## परिशिष्ट ख

## प्रश्नावली

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षाअन्तर्गत स्नातकोत्तर तह चौथो सेमेस्टरको नेपा.शि. ५४४ पाठ्यांशको प्रयोजनार्थ परीक्षणका लागि तयार पारिएको सामग्री हो ।

विद्यालयको नाम : पूर्णाङ्क : १०

विद्यार्थीको नाम : समय : ४५ मिनेट

भाषिक पृष्ठभूमि :

परीक्षाको किसिम : लिखित

**१. 'छट्टु काग र भ्रष्ट न्यायाधीश' पाठ शिक्षकले भनेको सुनेर सफा अक्षरमा कापीमा लेख :** ५

एकदिन बकुल्लाका जोडी खानेकुरा खोज्न गएको मौका छोपी कागले बकुल्लाको गुँडबाट सबै फुल चोरेर ल्यायो र गुँडमा राख्यो । उसले आफ्ना सबै फुल बकुल्लाको गुँडमा राखिदियो । केही दिनपछि कागका गुँडमा सेता बच्चा र बकुल्लाका गुँडमा काला बच्चा जन्मिए । यो देखेर बकुल्लाको जोडी छक्क पऱ्यो । यस्तो असम्भव कुरा कसरी भयो भनेर उनीहरूले एकआपसमा छलफल गरे । उता काग कागिनी भने मख्ख थिए । उनीहरूको गतिविधिबाट कागले फुल साटासट गरेर यस्तो भएको भन्ने बकुल्लाको जोडीले निश्चय भयो ।

**२. दुईजना साथीहरू बीचको संवादलाई सुनेर सफा अक्षरमा कापीमा लेख :** **५**

हरि : ओ हो ! गोपाल हिजो किन विद्यालय नआएको ?

गोपाल : हिजो म मामाघर गएको थिए ।

हरि : हो र ! कता हो तिम्रो मामाघर ?

गोपाल : तम्घास । अनि तिम्रो नि ?

हरि : मेरो खर्ज्याङ्ग हो ।

गोपाल : साँच्चै हिजो कुन कुन विषयको गृहकार्य थियो ?

हरि : नेपाली, गणित र सामाजिक थियो ।

गोपाल : मलाई सहयोग गर है हरि गृहकार्य गर्न ।

हरि : हुन्छ नि । गोपाल आजलाई छुट्टियौँ भोलि स्कुलमा भेटौँला है ।

गोपाल : हुन्छ भोलि भेटौँला ।

## परिशिष्ट ग

## प्रस्तुत शोधपत्र तयार पार्दा अपनाइएको अङ्कन प्रणाली

| क्र.सं. | विषय | अङ्क निर्धारण |
|---|---|---|
| १. | श्रुतिलेखन | ४ |
| २. | वर्णविन्यास | ३ |
| ३. | लेख्यचिह्न | ३ |

# परिशिष्ट घ

## प्रस्तुत शोधपत्र तयार पार्दा अपनाइएको अङ्कन प्रणाली

(अ) तथ्याङ्क सङ्कलनका लागि छनोटमा परेका विद्यार्थीहरूको नामावली र प्राप्ताङ्क

| क्र.सं. | नाम | प्राप्ताङ्क |
|---|---|---|
| १ | आयुस्मा अर्याल | ९० |
| २ | बबिता कुँवर | ९० |
| ३ | लक्ष्मी थापा | ६० |
| ४ | विकास घर्ती | ४० |
| ५ | अमृत परियार | ८५ |
| ६ | सुमन पाण्डे | ६५ |
| ७ | सुमन कार्की | ८० |
| ८ | सन्देश श्रेष्ठ | ५५ |
| ९ | सुरज थापा | ६५ |
| १० | अस्मिता बुचा | ५५ |
| ११ | अञ्जली श्रेष्ठ | ४० |
| १२ | बिनिता थापा | ६० |
| १३ | सन्ध्या तङ्नामी | ४० |
| १४ | सन्दिप थापा | ४५ |
| १५ | अनिल थापा | ८० |
| १६ | मनिका घर्ती | ४० |
| १७ | निकिता मगर | ५० |
| १८ | अनुज बस्नेत | ७५ |
| १९ | दिपेन्द्र रायमाझी | ६५ |
| २० | नमुना गौतम | ९० |

| | | |
|---|---|---|
| २१ | गोपाल अर्याल | ९० |
| २२ | विविशा पौडेल | ८० |
| २३ | सुस्मा पौडेल | ९० |
| २४ | रेशम अर्याल | ८० |
| २५ | प्रतीक कँडेल | ८० |
| २६ | समीक्षा थापा | ९० |
| २७ | संगिता वि.क. | ८० |
| २८ | महेश थापा मगर | ५५ |
| २९ | प्रवीन बुचा | ५५ |
| ३० | दुर्गा नेपाली | ८० |
| ३१ | आयुस्मा श्रेष्ठ | ७५ |
| ३२ | पुरुषोत्तम घिमिरे | ६५ |
| ३३ | विश्वास सुनार | ६० |
| ३४ | सन्ध्या मिदुन | ८० |
| ३५ | विरेन्द्र सुनार | ६० |
| ३६ | एलिना पौडेल | ७० |
| ३७ | रञ्जिता टण्डन | ९० |
| ३८ | बिपना श्रेष्ठ | ८० |
| ३९ | सर्मिला मिदुन | ८० |
| ४० | सागर नेपाली | ७० |
| ४१ | विनोद कार्की | ७० |
| ४२ | सागर टण्डन | ६० |
| ४३ | राजु मिदुन | ६५ |
| ४४ | मोहन घर्ती | ५५ |
| ४५ | विपना राना | ५५ |

| | | |
|---|---|---|
| ४६ | कपिल श्रेष्ठ | ५० |
| ४७ | मनिषा थापा मगर | ५५ |
| ४८ | समीक्षा कार्की | ५० |
| ४९ | रञ्जना वि.क. | ९० |
| ५० | मनोज वि.क. | ८५ |
| ५१ | सृष्टि बुचा | ५० |
| ५२ | रूपक थापा मगर | ५० |
| ५३ | सुदिप कुँवर | ८५ |
| ५४ | सन्देश खत्री | ९५ |
| ५५ | वर्षा बस्नेत | ८५ |
| ५६ | सञ्जु खत्री | ८५ |
| ५७ | अस्मिता थापा | ९० |
| ५८ | रेखा कुँवर | ९० |
| ५९ | एलिस बस्नेत | ७५ |
| ६० | सुजन भुसाल | ८५ |
| ६१ | मौसम टण्डन | ७० |
| ६२ | अनिस जि.सी. | ६५ |
| ६३ | भुवन खत्री | ७५ |
| ६४ | जोन खत्री | ८५ |
| ६५ | विपिन श्रेष्ठ | ६५ |
| ६६ | धन बुचा मगर | ५५ |
| ६७ | सपना बुचा | ६० |
| ६८ | निकिता मिदुन | ८० |
| ६९ | प्रिया वि.क. | ५० |
| ७० | सन्ध्या पौडेल | ८० |

| | | |
|---|---|---|
| ७१ | किन्तु नेपाली | ९० |
| ७२ | सञ्जिता श्रेष्ठ | ५० |
| ७३ | अनुप बस्नेत | ८५ |
| ७४ | अमित खत्री | ९० |
| ७५ | जीवन घिमिरे | ९० |
| ७६ | निरज बस्नेत | ६० |
| ७७ | पवन श्रेष्ठ | ५० |
| ७८ | मनिषा टण्डन | ७० |
| ७९ | प्रशंसा पौडेल | ८० |
| ८० | अनिष घर्ती मगर | ५५ |
| ८१ | भावना पोखरेल | ९० |
| ८२ | रेनु ढेगा मगर | ८० |
| ८३ | विपना ढेगा | ५० |
| ८४ | केशव ढेगा मगर | ५५ |
| ८५ | रञ्जित राना | ५० |
| ८६ | अञ्जली सुनार | ६५ |
| ८७ | सपना तङ्लामी | ७५ |
| ८८ | सुनिल परियार | ६५ |
| ८९ | रबिना बुचा मगर | ६० |
| ९० | सोमे राना | ५० |
| ९१ | सन्तोष वि.क. | ७० |
| ९२ | एलिना ढेगा | ७५ |
| ९३ | अनुषा बुचा | ८५ |
| ९४ | मेलिना टण्डन | ५० |
| ९५ | किन्ता थापा मगर | ४५ |

| | | |
|---|---|---|
| ९६ | मनिषा थापा | ५५ |
| ९७ | सन्तोषी राना मगर | ७० |
| ९८ | रञ्जिता राना | ५० |
| ९९ | बिन्दु पौडेल | ७० |
| १०० | सुरज बस्नेत | ८५ |

जम्मा प्राप्ताङ्क ६८८५

विद्यार्थी सङ्ख्या : १००

मध्यमान ६८.८५

मानक विचलन १५.१७

# व्यक्तिवृत



नाम : मञ्जु पौड्याल

जन्म मिति : २०४७/०७/२५

बाबुको नाम : शम्भुप्रसाद पौड्याल

आमाको नाम : साबित्रा पौड्याल

भाषा : नेपाली

लिङ्ग : महिला

धर्म : हिन्दु

सम्पर्क : ९८४३०९०७०६

## शैक्षिक योग्यता

| क.सं. | शिक्षा | विद्यालय/ विश्वविद्यालय | उत्तीर्ण साल |
|---|---|---|---|
| १ | एस.एल.सी. | श्री ईश्वरी उच्च मा.वि. गुल्मी | २०६४ |
| २ | प्रविणता प्रमाणपत्र | जनमैत्री बहुमुखी क्याम्पस कुलेश्वर | २०६७ |
| ३ | स्नातक तह | महेन्द्ररत्न क्याम्पस ताहाचल, काठमाडौं | २०७१ |
| ४ | एम.एड. | विश्वविद्यालय क्याम्पस, कीर्तिपुर | |